वर्ष-१४ अङ्क-४ पूर्णाङ्क-४९ वैशाख-असार २०८२

# समावेश भएका विषयवस्तुहरु


- आर्थिक वर्ष २०८१-८२ को चौथो त्रैमासिक अवधिको कार्यसम्पादन अवस्था
  - ❖ आयोगका बैठक र निर्णय
  - ❖ पाठ्यक्रम निर्माण तथा परिमार्जन
  - ❖ शैक्षिक योग्यता निर्धारण
  - ❖ पदपूर्तिका लागि माग र प्रतिशत निर्धारण
  - ❖ विज्ञापन प्रकाशन
  - ❖ दरखास्त संकलन
  - ❖ लिखित परीक्षा सञ्चालन
  - ❖ लिखित परीक्षा नतिजा तयारी
  - ❖ अन्तर्वार्ता तथा सिफारिस
  - ❖ सुरक्षा निकाय तथा संगठित संस्था
  - ❖ विभागीय सजाय र परामर्श
  - ❖ बढुवा उजुरी सम्बन्धी विवरण
  - ❖ परीक्षामा अनियमितता गर्ने उपर कारबाही
  - ❖ कर्मचारी व्यवस्थापन
  - ❖ बजेट खर्च
- अन्तर्वार्ता
- स्वतः प्रकाशन
- लोक सेवा आयोगको वार्षिक कार्यतालिका



सम्पादक मण्डल :

| गीता कुमारी होमेगाई | एकनारायण शर्मा | सविता अधिकारी लामिछाने |
|---|---|---|
| अध्यक्ष | सदस्य | सदस्य-सचिव |
| (सहसचिव) | (उपसचिव) | (शाखा अधिकृत) |

# त्रैमासिक गतिविधिको सारांश

### आयोग बैठक



- ❑ बैठक संख्या:२०
- ❑ निर्णय संख्या: ७८

### शैक्षिक योग्यता निर्धारण

- ❑ योग्यता निर्धारण भएका पदहरु:X
- ❑ योग्यता परिमार्जन भएका पदहरु : X
- ❑ योग्यता द्विविधा सम्बन्धी निर्णय भएका पदहरु:२

### पाठ्यक्रम

- ❑ पाठ्यक्रम नयाँ निर्माण भएका पदहरु : X
- ❑ पाठ्यक्रम सङ्गठित संस्थातर्फ स्वीकृति प्रदान:९
- ❑ पाठ्यक्रम परिमार्जन भएका पदहरु: ७

### माग संकलन र प्रतिशत निर्धारण

- ❑ माग संकलनः X
- ❑ प्रतिशत निर्धारणः X

### पदपूर्तिका लागि विज्ञापन र माग

- ○ विज्ञापन संख्याः X अधिकृतस्तरः X
- ❑ सहायकस्तरः X
- ❑ माग पद संख्याः X
  - ○ अधिकृतस्तरः X
  - ○ सहायकस्तरः X

### दरखास्त संकलन

- ❑ जेष्ठता र कार्यसम्पादनः ६४८
- ❑ कार्यक्षमता मूल्याङ्कनः ३७
- ❑ माग आयोगको अनलाईन डेटावेसमा संकलन भएका दरखास्त संख्या:१०५३९
- ❑ महिलाः ३५०३ पुरुषः ७०३६

### लिखित परीक्षा

- ❑ परीक्षा सञ्चालन भएको विज्ञापन संख्या(निजामती) :२
- ❑ अप्राविधिक:२
- ❑ प्राविधिकः X
- ❑ उपस्थित उम्मेदवारको संख्या:५६४
  महिलाः १३५ पुरुषः ४२९

### लिखित परीक्षा नतिजा तयारी

- ❑ नतिजा तयार गरिएको विज्ञापन संख्याः३१०
- ❑ दक्ष विज्ञ मनोनयन संख्याः ७९१
- ❑ उत्तरपुस्तिका परीक्षण:२६५९१
- ❑ विषयगत: १५०६८६ वस्तुगत:२५५८९
- ❑ OMR : ८८८१६

### सुरक्षा निकाय तथा सङ्गठित संस्था



- ❑ पदपूर्तिको लागि सहमति प्रदान गरिएका निकायः १२
- ❑ लिखित परीक्षामा सम्मिलित परीक्षार्थीः ४१६२८
  महिलाः २०७०१ पुरुष:२०९२०
- ❑ दक्ष विज्ञ मनोनयन संख्याः ६५३
- ❑ नतिजा तयार गरिएको विज्ञापन संख्याः २०८
- ❑ उत्तरपुस्तिका परीक्षणः १४६९६१
  वस्तुगतः ३०१७४ विषयगतः ११६७८७ OMR : X
- ❑ लिखित परीक्षामा उत्तीर्णः १५७८
  महिलाः ४१८ पुरुषः ११६०

### अन्तर्वार्ता तथा सिफारिस




- ❑ सिफारिसः २३८
- ❑ प्राविधिकतर्फः १५६
  महिलाः ३१ पुरुषः १२५
- ❑ अप्राविधिक तर्फ:८०
  महिलाः १८ पुरुषः६२

### कर्मचारी व्यवस्थापन

- ❑ सरुवा
  - ○ अन्यत्र निकायबाट आयोगमा:१३
  - ○ आयोग अन्तर्गत:५
  - ○ आयोगबाट अन्य निकाय:३
- ❑ अनिवार्य/स्वेच्छिक अवकाश:३
- ❑ पदोन्नतिः ४
- ❑ पुरस्कारः : ५
- ❑ स्वदेश/विदेश भ्रमणः : २ जना
- ❑ तालिम सेमिनारः X

### विभागीय सजाय र परामर्श

- ❑ सामान्य सजाय सिफारिसः X
- ❑ विशेष सजाय सिफारिसः १
- ❑ परामर्श प्रदानः ७ वटा

### अनियमितता उपर कारवाही

- ❑ परीक्षामा अनियमितता गर्ने उपर गरिएको कारावहीः२१
- ❑ महिलाः ४ पुरुष:१७

### बजेट खर्च

यस अवधिको खर्चः५८,७८,७९,०९९।२१

# लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सवको एवं हीरक जयन्तीको अवसरमा सम्माननीय राष्ट्रपतिज्यूको सम्बोधन

कार्यक्रमका अध्यक्षता गरिरहनुभएका लोकसेवा आयोगका अध्यक्ष
सम्माननीय प्रधानमन्त्री,
समितिका माननीय सभापति,
संवैधानिक निकायका प्रमुख एवम् आयोगका पदाधिकारी,
राष्ट्रसेवक कर्मचारी,

उपस्थित महिला तथा सज्जनवृन्द।

देशको पुरानो संवैधानिक निकायका रूपमा रहेको लोक सेवा आयोग ७५औं वर्षमा प्रवेश गरेको अवसरमा आयोग परिवारलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

मुलुक सञ्चालन गर्ने सरकारी निकायमा स्थायी सरकारका रूपमा रहने योग्यतम कर्मचारी छनौट गर्ने संवैधानिक जिम्मेवारी पाएको आयोगले साढे सात दशकको अवधिमा आफ्नो मूल सिद्धान्त "योग्यता, निष्पक्षता र स्वच्छता" लाई प्रमुख आधार मान्दै निरन्तर क्रियाशील रहनु प्रशंसनीय पक्ष हो। आफ्नो भूमिका निर्वाह गर्दै आयोगले सदैव वर्तमान पुस्ताप्रति न्याय तथा भविष्यका पुस्ता प्रतिको आशा एवम् भरोसाको केन्द्रका रूपमा आफ्नो कर्तव्य, दायित्व, जिम्मेवारी निर्वाह गर्न चनाखो हुन जरूरी छ।

स्वः उत्प्रेरित, उच्चनैतिकवान, अनुशासित, जिम्मेवार र राष्ट्रप्रति सद्भाव भएका कर्मचारीले मात्र मुलुकमा प्रभावकारी रूपमा कार्यसम्पादन गर्न सक्दछन् भन्ने यथार्थलाई हामीले बिर्सन हुँदैन। आयोग सरकारी सेवामा कर्मचारी छनौट र भर्नाको जग हो। यसले सदैव असल र उम्दा कर्मचारी छनौट गर्न सक्ने गरी सकेसम्म योग्यताका सबै पक्षहरू पूर्वानुमान गर्न सकिने खालका परीक्षण विधिहरू अवलम्वन गर्नुपर्दछ।

साथै यो प्रक्रियामा समयसापेक्ष सुधार गरी प्रभावकारी ढंगले अघि बढ्न जरूरी छ। कर्मचारी छनौट, बढुवा र परामर्शका क्षेत्रमा यसले आजसम्म गरेको योगदानसँगै आर्जन गरेको विश्वास, भरोसा एवम् प्रतिष्ठालाई कायम राख्दै अघि बढ्नेतर्फ आयोगले कुनै कसर बाँकी राख्ने छैन भन्ने मैले विश्वास लिएको छु।

संविधानमा निजामती सेवाका विभिन्न पदमा नियुक्ति गर्न उपयुक्त उम्मेदवार छनौट गर्ने र सुरक्षा निकाय, अन्य संघीय सरकारी सेवा तथा सङ्गठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन तथा वढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्त अनुरूप कार्य गर्दै आएको विदितै छ।

साथै, कुनै सङ्गठित संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा वढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था आफैमा महत्वपूर्ण छ। यसको कार्यक्षेत्र विकास एवम् विस्तारसँगै आफ्ना कार्य सम्पादनमा समयसापेक्ष प्रभावकारीता र गुणस्तर कायमै राखी अघि बढ्नुपर्ने चुनौतीतर्फ यसले विशेष ध्यान दिनुपर्ने आजको आवश्यकता हो।

पछिल्लो समयमा आयोगले आफ्ना कामलाई आधुनिक प्रविधिमा आधारित बनाउदै कर्मचारी छनौटमा समयसापेक्ष परीक्षण विधि/प्रविधि अवलम्वन गर्नु प्रशंसनीय पक्ष हो।

नेपालमा निजामती सेवामा समावेशी पदपूर्तिको व्यवस्था भए यता विभिन्न समावेशी समूहको विज्ञापनबाट महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका र पिछडिएको क्षेत्रबाट उम्मेदवार सिफारिस गर्न सफल हुनु सकारात्मक पक्ष हो। यसबाट राज्यका नीति निर्माण तहमा सबै वर्गको प्रतिनिधित्व हुन गई राष्ट्रिय एकतालाई मजबुत बनाउन समेत योगदान दिनेनैछ। आयोगले संघीयता अनुरूप समावेशी समूहतर्फ उम्मेदवार छनौट प्रक्रियालाई समयसापेक्ष परिष्कृत गर्दै यी समूहबाट थप उम्मेदवार सफल हुन सक्ने गरी कार्यसम्पादन गर्ने विश्वास मैले लिएको छु।

हामीले अवलम्बन गरेको संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीमा जनताको चाहना भनेको उनीहरूको आकांक्षलाई सम्बोधन गर्दै तिव्र आर्थिक विकासलाई अघि बढाउनु हो। त्यसको पहिलो शर्त भनेको सुशासन नै हो। त्यसमा स्थायी सरकारकारूपमा लिइएको कर्मचारीतन्त्रले आधुनिक विधि, प्रविधि र दक्ष जनशक्तिको प्रयोग गरी सुशासनको मर्म र भावना अनुरूप काम गर्नु समयको माग हो।

अब सहज, सरल र प्रभावकारी तवरले सेवाप्रवाह गरेर कर्मचारीतन्त्रले नागरिकको मनसमेत जित्न सक्नुपर्छ। कर्मचारीतन्त्रले जबसम्म नागरिक हकका निम्ति सहज पहुँच दिन सक्दैन, तबसम्म लोकतन्त्र दरिलो हुन सक्दैन भन्ने वास्तविकतालाई विर्सन हुँदैन।

अन्त्यमा, आज सम्मानित हुनुहुने सबैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। आगामी समयमा आयोगले आफ्नो दायित्व र जिम्मेवारीलाई थप विश्वसनीय बनाउनेतर्फ अझ प्रभावकारी ढंगले काम गर्नेनैछ भन्ने विश्वासका साथ हीरक जयन्ती कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्दछु।
जय नेपाल !
२०८२ असार १ गते आइतबार

# लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सवको एवं हीरक जयन्तीको अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूको सम्बोधन

सम्माननीय राष्ट्रपतिज्यू,

प्रतिनिधि सभा,राज्य व्यवस्था तथा सुशासन समितिका सभापति,

लोक सेवा आयोगका अध्यक्ष,

संवैधानिक निकायका प्रमुखहरू,

लोक सेवा आयोगका पदाधिकारीहरू,

नेपाल सरकारका मुख्यसचिव तथा सचिवहरू,

विशिष्ट अतिथिहरू,

सुरक्षा निकायका प्रमुखहरू,

संचारकर्मी मित्रहरू,

भद्र महिला तथा सज्जनवृन्दहरू।

नेपालको संविधानमा उल्लेख गरिए बमोजिम सरकारी निकायका लागि उपयुक्त उम्मेदवार छनौट गर्ने जिम्मेवारी लोक सेवा आयोगलाई रहेको छ। आयोगको ७५औं वार्षिकोत्सव तथा हीरक जयन्तीका सुअवसरमा हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्दछु।

लोक सेवा आयोग नेपालमा मुलुक सञ्चालन गर्ने स्थायी सरकारका रूपमा रहेको कर्मचारीतन्त्रको छनौट गर्ने संवैधानिक निकाय हो। राज्य सञ्चालनमा यस संस्थाको कार्यक्षेत्र, भूमिका र दायित्व महत्वपूर्ण रहेको छ।

शासन व्यवस्था प्रभावकारी रूपमा सञ्चालनका लागि सरकार र प्रशासनको अहम भूमिका रहेको हुन्छ। सरकारको नेतृत्वले आवश्यक नीति निर्माण गर्ने, व्यवस्थापिकाले कानून बनाउने तथा प्रशासन संयन्त्रले त्यसको लागि आवश्यक सूचना संकलन गर्ने,सहयोग गर्ने, कार्यान्वयन गर्ने/गराउने नागरिक र सरकारबीच समन्वय गराउने कार्य गर्दछन्। कर्मचारीतन्त्र राजनीति भन्दा फरक तर राजनीतिको लागि समिपमा रहेर काम गर्ने संयन्त्र हो। कुनै पनि मुलुकको सरकारको कार्य सफलता कर्मचारीतन्त्रको सक्षमतामा पनि धेरै हदसम्म निर्भर रहन्छ। तसर्थ मुलुक सञ्चालनका लागि छनौट गरिने कर्मचारी योग्य, दक्ष र निपुण हुनुका अतिरिक्त नेपालको राष्ट्रिय हितको जगेर्ना र प्रवर्द्धन गर्ने हुनु पनि आवश्यक छ।

लोक सेवा आयोगले जति स्वतन्त्र, निश्पक्ष, प्रभावकारी र वस्तुनिष्ट तवरले कर्मचारी छनौट गर्दछ, मुलुकको प्रशासन संयन्त्र त्यत्तिनै बलियो, कामयावी र प्रभावकारी हुदै जाने हुन्छ। यसका लागि माग गरिएको पदमा निर्धारण गरिने शैक्षिक योग्यता, पाठ्यक्रम, कर्मचारी छनौटमा अवलम्वन गरिने परीक्षण तथा छनौट विधि, छनौट प्रक्रिया जस्ता विषयले प्रधान भूमिका खेल्ने हुन्छन्। तसर्थ आयोगले निर्धारित पदका लागि विश्वविद्यालयहरूमा पढाइने नयाँ धारका विषयवस्तु समेत समेटी शैक्षिक योग्यता निर्धारण गर्नु पर्दछ।काम र परिवेश अनुसार समय सापेक्ष रूपमा कार्यसम्पादन गर्नका लागि उपयुक्त र ज्ञान, शिप र क्षमता प्रदान गर्न सक्ने विषयवस्तु समेटिएका पाठ्यक्रमहरू हुन आवश्यक छ। विश्वव्यापीकरणको समयमा कर्मचारीका लागि ज्ञान र सीपका अतिरिक्त प्रविधिमा निपुणता तथा अन्तर्राष्ट्रिय परिवेश अनुकूलको दक्षता पनि आवश्यक

पर्दछ। नेपाल र नेपालीको चाहनाअनुरूप कार्यसम्पादन गर्ने जनशक्ती हाम्रो आवश्यकता हो। तसर्थ आयोगले कर्मचारी छनौटमा अवलम्वन गर्ने पद्दती, कार्यप्रणालीहरू, परीक्षण विधि प्रविधिमा आधारित, वस्तुनिष्ट, अनुमानयोग्य हुनु अति आवश्यक रहेकोछ।

लोक सेवा आयोगले स्थापनाकालदेखि हालसम्म आउँदा आफ्नो परीक्षण प्रणालीलाई सुधार गर्दै गएको, दरखास्त संकलन कार्य अनलाइन भएको, वस्तुगत उत्तरपुस्तिका परीक्षण गर्नका लागि "अप्टिकल मार्क रिडर" मेशिन प्रयोग गर्ने गरिएको, माथिल्ला पदका उत्तरपुस्तिकाहरू विषय विज्ञ तथा दक्षहरूबाट आयोगमा नै बसेर परीक्षण गर्ने गरेको, आयोगको कार्य सम्पादनका लागि योग्यता, निश्पक्षता, स्वच्छता, समान अवसर, समावेशिता, ढिअन्धता, परिचय शुन्यता, असंलग्नता, गोपनियता लगायतका सिद्दान्तहरू अवलम्वन गरेको कार्यहरूले छिटो छरितो तवरले र निश्पक्षरूपमा कार्यसम्पादन गर्न सघाउ पुर्याएको देखिन्छ। सरकारी सेवा प्रवेशका लागि  आम युवाहरूको आस्था र विश्वासको केन्द्र र वर्षेनी लाखौको संख्यामा विदेशिने युवा शक्तीलाई मुलुकमा नै निश्पक्ष रूपमा रहेर रोजगारीमा छनौट हुन पाउने संस्थाको रूपमा लोक सेवा आयोग रहेको छ। यसैले संविधान सभाले  नेपालको संविधान बनाउँदा यसको कार्य क्षेत्र वृद्धि गरी व्यवस्था गरेको छ।

यस संस्थाको कार्यसम्पादनमा आवश्यक पर्ने साधन र स्रोत सम्पन्न र प्रविधिमैत्री बनाउने विषयमा सम्बन्धित सबै निकाय प्रतिवद्ध हुन आवश्यक छ। लोक सेवा आयोगले आफ्ना वार्षिक प्रतिवेदनहरूमा उल्लेख गरेका सुझाव कार्यान्वयनमा सम्बन्धित सबै निकायले ध्यान दिनु जरूरी छ।

अन्तमा आयोगमा  लामो समयसम्म कार्यरत रही सम्मानित हुनु भएका पूर्व कर्मचारी, उत्कृष्ट कार्य गरी पुरष्कृत हुनु भएका कर्मचारीहरूलाई  हार्दिक धन्यवादका साथ  बधाई छ। आगामी समयमा पनि उत्कृष्ट कार्य सम्पादनका लागि सम्पूर्ण कर्मचारीहरू लागि पर्नु हुने छ भन्ने अपेक्षा लिएको छ। लोक सेवा आयोग ७५ वर्षमा प्रवेश गरेको र यस वर्षलाई आयोगले वर्ष भरी विभिन्न कार्यहरू गरी हीरक जयन्ती वर्षका रूपमा मनाउने कार्यक्रम रहेको सुन्दा खुसी लागेको छ। आयोगको आगामी कार्यसम्पादनमा थप प्रभावकारिता  अभिवृद्धि हुन सकोस् र हीरक जयन्ती वर्ष सफल रहोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

# लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सवको एवं हीरक जयन्तीको अवसरमा

# माननीय अध्यक्ष माधव प्रसाद रेग्मीज्यूको मन्तव्य

सम्माननीय राष्ट्रपतिज्यू,
सम्माननीय प्रधानमन्त्रीज्यू,
माननीय सभापतिज्यू, प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समिति,
सम्माननीय राष्ट्रपतिज्यूका विज्ञज्यूहरू,
संवैधानिक निकायका माननीय प्रमुखज्यूहरू,
लोक सेवा आयोगका पूर्व अध्यक्षज्यूहरू,
प्रमुख सूचना आयुक्तज्यू,
माननीय महान्यायाधिवक्ताज्यू,
नेपाल सरकारका मुख्यसचिवज्यू,
प्रधानसेनापतिज्यू,
आयोगका माननीय सदस्यज्यूहरू,
आयोगका पूर्व सदस्यज्यूहरू,
संघीय संसदका महासचिवज्यू,
सर्वोच्च अदालतका मुख्य रजिष्ट्रारज्यू,
नेपाल सरकारका सचिवज्यूहरू,
लोक सेवा आयोगका पूर्व सचिवज्यूहरू,
प्रहरी महानिरीक्षकज्यू,
सशस्त्र प्रहरी महानिरीक्षकज्यू,
राष्ट्रिय अनुसन्धान विभागको मुख्य अनुसन्धान निर्देशकज्यू,
प्रमुखजिल्ला अधिकारीज्यू,जिल्ला प्रशासन कार्यालय ,काठमाण्डौ
सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरू,
आमन्त्रित विशिष्ट अतिथिज्यूहरू,
सञ्चारकर्मी मित्रहरू,
आयोग र मातहतका कार्यालयमाकार्यरत र सेवा निवृत्तसम्पूर्ण कर्मचारीहरू,
भद्र महिला तथा सज्जनवृन्द।

लोक सेवा आयोगको यस ७५ औं वार्षिकोत्सव एवम् हीरक जयन्ती समारोहमा हाम्रो विशेष अनुरोधलाई स्वीकार गरी आफ्नो व्यस्त कार्यतालिकाका बावजूद प्रमुख आतिथ्यता ग्रहण गरिदिनुभएकोमा आयोगको तर्फबाट सम्माननीय राष्ट्रपतिज्यू प्रति हार्दिक आभार तथा कृतज्ञता अर्पणगर्दछु।गरिमामय उपस्थितिका लागि विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्रीज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु। विशेष अतिथि प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिका सभापतिज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू,विशेष अतिथिज्यूहरूको समुपस्थितिले हाम्रो वार्षिकोत्सव तथा हीरक जयन्ती समारोह गरिमामय बनेको छ र हाम्रो हौसला समेत बढेको छ।

विक्रम संवत् २००८ साल असार १ गते पब्लिक सर्भिस कमिशनको नामबाट गठन भएको नेपालको सबैभन्दा जेठो संवैधानिक निकाय लोक सेवा आयोग आफ्नो स्थापनाकालको पचहत्तरौं वर्षमा प्रवेश गरेको छ। यस वार्षिकोत्सवलाई आयोगले हीरक जयन्तीका रूपमा मनाउने निर्णय गरेको छ।आयोगले योग्यता,

निष्पक्षता र स्वच्छतालाई आफ्नो कार्यसम्पादनका आधारका रूपमा लिंदै समावेशीपुर्ण योग्यतम कर्मचारी छनौट गर्दै आएको छ। आयोगको निष्पक्षताको बलियो आधार निर्माण गरिदिएर यस संस्थालाई जनविश्वासको धरोहरको रूपमा स्थापित गराउन महत्वपूर्ण योगदान दिनुहुने आयोगको स्थापना कालदेखि नै संलग्न पूर्व कर्मचारीहरू प्रति यस हीरक जयन्तीको उपलक्ष्यमा सम्मान व्यक्त गर्न चाहन्छु, साथै यस अवसरमा प्रेरणादायी उपस्थितिका लागि पूर्व पदाधिकारीहरूज्यू प्रति आभार व्यक्त गर्दछु।

आयोगको निमन्त्रणालाई स्वीकार गरी कार्यक्रममा उपस्थित अन्य विशिष्ट व्यक्तित्वहरू लगायत आमन्त्रित अतिथि गणहरूको भव्य उपस्थितिले आयोगको संवैधानिक भूमिका अझ प्रभावकारीरूपमा निर्वाह गर्न थप प्रेरणात्मक हुने ठानेको छु।

सार्वजनिक निकायका कर्मचारी भर्ना र छनौटमा योग्यता प्रणाली स्थापित गर्न लोक सेवा आयोग अग्रणी संस्थाको रूपमा स्थापित भएको छ। यस अवसरमा आयोगको आजसम्मको उत्कृष्ट कार्यसम्पादनका लागि आयोगमा रही वा नरही योगदान गर्नुहुने सम्पूर्ण अग्रज पदाधिकारीज्यूहरू, नेपाल सरकारका विभिन्न निकायहरू,कर्मचारी तथा विषय विज्ञज्यू र सरोकारवाला सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु। यस गरिमामय संस्थाको विश्वसनीयताको जगलाई मजवुत राख्न हामी वर्तमान पदाधिकारीहरू दृढ संकल्परत रहेका छौं।

**सम्माननीय राष्ट्रपतिज्यू,**

नेपालको संविधानको भाग २३, धारा २४२ को उपधारा (१) अनुसार लोक सेवा आयोगमा अध्यक्ष र अन्य ४ जना सदस्यहरू रहने प्रावधान छ। त्यस्तै धारा २४३ मा गरिएको व्यवस्थाले आयोगलाई कार्यसम्पादनको संवैधानिक आधार प्रदान गरेको छ।

लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरूबाट विभिन्न ऐन नियम बमोजिम गठन हुने बढुवा तथा छनौट समितिको अध्यक्ष तथा सदस्यको रूपमा प्रतिनिधित्व भईरहेको छ। साथै सचिव, सहसचिव र उपसचिवहरूबाट एक सय भन्दा बढी सङ्गठित संस्था तथा सुरक्षा निकायमा प्रतिनिधित्व भईरहेको छ।

नेपालमा हालसम्म जारी गरिएका सबै संविधानहरूमा लोक सेवा आयोगको सम्बन्धमा स्पष्ट व्यवस्था गरिएको पाइन्छ। यसको कार्यक्षेत्र कहिले निजामती सेवामा मात्र सीमित र कहिले फराकिलो हुदै आएकोअवस्था छ। आफ्नो ऐतिहासिक यात्राको सात दशक पार गरिसकेको यस आयोगको विगत,वर्तमान र भविष्यलाई नियाल्नु हीरक जयन्तीको अवसरमा उपयुक्त हुने देखिन्छ।

योग्य कर्मचारी नियुक्तिका लागि परीक्षा सञ्चालन गर्ने कामसहित दरखास्त परिषद्, पब्लिक सर्भिस कमिशन तथा लोक सेवा आयोगका नाममा आयोगको स्थापना भएको हो। वि.सं. २००४ सालमा घोषणा गरिएको नेपाल सरकार वैधानिक कानून देखि हालको संविधानसम्म आयोगका काम कारबाहीको विषय उल्लेख गरिएको छ। निजामती सरकारी सेवामा करिब समान प्रावधान रहे पनि सङ्गठित संस्था र सुरक्षा निकायबारे एकरूपता पाइदैन।

**नेपालको संविधानमा** लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारलाई निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नुका साथै नेपाली सेना,नेपाल प्रहरी,सशस्त्र प्रहरीबल,नेपाल,अन्य संघीय सरकारी सेवा र सङ्गठित संस्थाको पदमा पदपूर्तिका लागि लिईने लिखित परीक्षा सञ्चालन गर्ने, नेपाली सेना,नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवाको पदमा वढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा र कुनै सङ्गठित संस्थाको सेवाका कर्मचारीको सेवा शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा वढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ।

**अब म आयोगका कामकारवाही सम्बन्धमा केही महत्वपूर्ण घटनाक्रमबारे उल्लेख गर्ने अनुमति चाहन्छु**

- आयोगले वि.सं. २००८ साल भाद्र १८ गते पहिलो पटक ६ पदका लागि विज्ञापन गरेर कार्य प्रारम्भगरेको र वि.सं. २००९ सालमा नेपाल पब्लिक सर्भिस कमिशनसम्बन्धी ऐन लागू भएपछि यसको कार्यक्षेत्र र कार्यविधि व्यवस्थित भएको पाइन्छ। आयोगबाट वि.सं.२०१२ सालमा पोष्ट ग्र्याजुयट/ग्र्याजुयट अफिसरको छनौट सुरू भएको पाईन्छ।
- आयोगमा हालसम्म सभापति २, कायम मुकायम सभापति १, कार्यवाहक अध्यक्ष १ र अध्यक्ष १६ गरी २० जनाले नेतृत्व प्रदान गर्नुभैसकेको छ। यसै गरी ४७ जना सदस्य र ३६ जना सचिवले कार्यसम्पादन गर्नुभएको छ।
- लोक सेवा आयोगको पहिलो कार्यालय सिंहदरबरको दोस्रो चोकको उत्तरपट्टिको तेस्रो तल्लाको दुई कोठामा रहेको र जसमध्ये एउटा कोठामा सभापति र सदस्यहरू एवम् अर्को कोठामा सेक्रेटरी र कारिन्दाहरू रहने गरेको पाइएको छ। पछि ती दुवै कोठाहरू सिंहदरवार आगलागी हुँदा जलेर भष्म भएका र आयोगको कार्यालय त्यसपछि बिशालनगरस्थित वसन्त भवनमा सरेको पाईन्छ। बिशालनगरबाट पछि कमलपोखरी, कमलपोखरीबाट अनामनगर हुँदै हाल वि.सं.२०७८ साउन १ देखि कमलपोखरीमा अवस्थित रहेको छ।
- संविधान र कानूनमा व्यवस्था भए बमोजिम वि.सं.२०१६ सालमा लोक सेवा आयोगले पहिलो पटक र हालसम्म पैसठ्ठियौं वार्षिक प्रतिवेदन पेश गरिसकेको छ।
- वि.सं. २०१६ आषाढ २२ मा नेपाल पुलिस फोर्स नियमावली जारी भएपछि प्रहरी सेवाको अधिकृत सुरू तह (डि.एस.पी.) को खुला प्रतियोगिताको परीक्षा आयोगबाट नै हुने र डि.एस.पी.मा ५ प्रतिशत इन्सपेक्टरहरूबाट प्रमोशन पनि लोक सेवा आयोगकै अध्यक्षताको प्रमोशन समितिबाट र सव इन्सपेक्टर पदहरूमा ५० प्रतिशत आयोगको खुला प्रतियोगिताद्वारा र बाँकी ५० प्रतिशत आयोगकै अध्यक्ष रसदस्य भएको प्रमोशन समितिबाट वढुवा गरिने गरिएको पाईन्छ।
- तत्कालीन व्यवस्था अनुकूल कर्मचारीतन्त्र निर्माण गर्न वि.सं.२०१७ माघ २५ मा पब्लिक सर्भिस कमिशन कारवाही बन्देज नियम,२०१७ जारी गरी वि.सं. २०१७ माघ २५ देखि २०१८ जेठ मसान्तसम्म लोक सेवा आयोगलाईनिलम्बन गरिएको थियो।
- आयोगबाट वि.सं.२०२०/२१ सालदेखि निजामती सेवा पत्रिका प्रकाशन गर्ने गरिएको छ।
- लोक सेवा आयोग कार्यविधि नियम,२०२० मा राजपत्राङ्कित पदको लिखित परीक्षामा तीन पटक असफल भएको उम्मेदवार सोही सेवा श्रेणीका लागि पुनः सम्मिलित हुन अयोग्य मानिने छ भन्ने उल्लेख गरिएको पाइन्छ।
- वि.सं.२०२४ सालमा १२ अञ्चलमा र वि.सं. २०२५ मा कर्णाली अञ्चलमा आयोगको अञ्चल कार्यालय स्थापना गरिएको पाइन्छ। पछि वि.सं.२०४१ देखिको दशकमा केन्द्रीय कार्यालय-१, क्षेत्रीय निर्देशनालय-५ र अञ्चल कार्यालयहरू - ९ समेत १५ कार्यालय रहेकोमा पछि दरखास्त व्यवस्थापन कार्यालय स्थापना भई हाल १६ ओटा कार्यालय रहेका छन्। आयोगको कूल दरबन्दी ३ सय ९९ जनाको रहेको छ।
- आयोगको कार्यप्रक्रिया, संगठन संरचना र जनशक्ति व्यवस्थापन लगायतका विषयहरूमा मन्त्रिपरिषद्को वि.सं. २०३० वैशाख ११ को निर्णयानुसार लोक सेवा आयोग सुदृढीकरण योजना, २०३० लागू गरिएको पाईन्छ।
- वि.सं. २०६९ भदौ ७ देखि अप्टिकल मार्क रिडर(OMR) प्रविधिबाट वस्तुगत बहुउत्तर उत्तरपुस्तिका परीक्षण सुरू गरिएको र यसबाट नतिजा छिट्टै प्रकाशन गर्न सकिएको छ।

- वि.सं. २०७१ भदौ ७ देखि विद्युतीय प्रणालीबाट दरखास्त संकलनको शुरूवात गरिएको छ। आयोगले सन २०१९ मा आइसिटी डिजीटल गभर्नान्स अवार्ड समेत प्राप्त गरेको थियो। हाल Connect IPS मार्फत अनलाईन दरखास्त दस्तुर बुझाउने, आयोगको अनलाइन प्रणाली नागरिक एपमा आवद्ध गराउने तथा सम्पादन गरिने कार्यहरूमा प्रविधिको प्रयोगलाई बढावा दिइएको छ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

नेपालको संविधान जारी भए पश्चात् आयोगको विस्तारित भूमिका निर्वाह लगायत परीक्षण प्रविधि र परीक्षा प्रणालीमा निरन्तर सुधार गरिंदै आएको छ।

- आयोगबाट वि.सं. २०७२ पुष ६ देखि राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणी वा सो सरह पदका उत्तरपुस्तिकाको दोहोरो परीक्षण गर्ने कार्य, वि.सं.२०७३देखि सहसचिव वा सो सरह पदको पाठ्यक्रममा मामिला विश्लेषण, प्रस्तुतीकरण आदि समावेश गरी "एसेस्मेन्ट सेन्टर मेथोडोलोजी" (Assessment Centre Methodology-ACM) परीक्षण प्रविधि सुरू गरिएको, वि.सं. २०७५ देखि राजपत्राङ्कित द्वितीय श्रेणी उपसचिव अप्राविधिक पदमा इनबास्केट अभ्यास (Inbasket Exercise) परीक्षण विधिको सुरूवात गर्दै परीक्षण विधि र प्रविधिमा आयोगले निरन्तर सुधार गर्दै आएको छ। विभिन्न अध्ययन, अनुसन्धान र अनुभवका आधारमा परीक्षण प्रविधि र पाठ्यक्रममा समयसापेक्ष सुधारको क्रम निरन्तर जारी रहेको छ।
- वि.सं.२०७४ देखि सङ्गठित संस्थातर्फ कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून, वढुवा र विभागीय कारवाही सम्बन्धी सामान्य सिद्धान्त ,२०७४ लागू गरिएको छ।
- संघीय संरचना अनुसार वि.सं.२०७६ जेठ १५ मा एकै पटक ९ हजार १ सय ६१ पदका लागि स्थानीय तहको विज्ञापन प्रकाशन गरिएको र पदपूर्तिका कार्य सम्पन्न गरिएको थियो।
- २०७८ असार १० गते वर्तमान पदाधिकारीहरू नियुक्ति भए तत्पश्चात आयोगको दैनिक कार्यहरूले निरन्तरता पाएको छ। यस अघिको आयोगका सबै पदाधिकारीको अवकाश भै आयोग तीन महिनादेखि रिक्त थियो। पदपूर्ति, बढुवा, विभागीय कारबाही समेत सबै अवरूद्ध थिए। कोभिड- १९ का कारणले प्रत्येक वर्ष श्रावण १ गते प्रकाशित हुने आयोगको वार्षिक कार्यतालिका बमोजिमका काम दुई वर्षदेखि हुन सकेका थिएनन्। त्यसै गरी कर्मचारी समायोजन ऐन, २०७५ जारी भएपछि समायोजनमा चित्त नबुझाएका कर्मचारीले दायर गरेका मुद्दामा भएको अन्तरिम आदेश, थारू कल्याणकारिणी सभाको तर्फबाट आफुलाई पनि छुट्टै कोटा छुट्याउनु पर्ने आशय राखी दायर रिटमा भएका अन्तरिम आदेश, आयोगबाट सङ्गठित संस्थामा बहालवाला कर्मचारीलाई पनि खुला प्रतियोगितामा उमेरको हद लगाउने गरी जारी भएका सेवा शर्त सम्बन्धी विनियमावलीहरूमा चित्त नबुझाई परेका रिट निवेदनमा भएका अन्तरिम आदेश अनुसार अवरूद्ध भएका परीक्षा समेतका ठुला संख्यामा बाँकी रहेका कामहरूको जिम्मेवारी हामीमा आयो।

  आम नेपाली र प्रतिस्पर्धी युवाहरूको आशा र भरोसाको केन्द्र आयोगका पुराना काम फछ्यौंट गरी वार्षिक कार्यतालिका बमोजिमका काम गर्न आयोगले २०७८ असार १४ गते १०० दिने कार्य योजना जारी गऱ्यो। जसको उद्देश्य २/३ वर्ष देखि बाँकी रहेका पुराना कामहरूलाई सय दिन भित्र फछ्यौंट गर्ने र वार्षिक कार्यतालिका अनुसार चालु आ.व.मा गर्नुपर्ने काम निरन्तर गर्दै जाने रहेको थियो। सो लक्ष्य पुरा गर्न आयोगले दुई सिफ्ट अन्तर्वार्ता सञ्चालन गर्ने, तीन सिफ्ट परीक्षा सञ्चालन गर्ने, दक्ष विज्ञको ठुलो मात्रामा सेवा लिने समेत कार्यको परिणामस्वरूप करिब ३ वर्ष पछि मात्र आयोग नियमित क्यालेण्डरमा फर्किएको छ।

वि.सं. २०७२ मा नेपालको संविधान जारी भएको लामो समयसम्म पनि तर्जुमा हुन नसकेको लोक सेवा आयोग ऐन,२०७९ मिति २०७९ असार ३१ गते जारी भएको २ महिना भित्रै लोक सेवा आयोग नियमावली, २०७९ तथा लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका,२०७९ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। यसबाट संविधान बमोजिम आयोगका काम कारबाहीलाई अनुकूलन गर्न सकिएको छ।वि.सं. २०७९ पौष १४ देखि सुरक्षा निकाय,अन्य संघीय सरकारी सेवा र सङ्गठित संस्थाका पदपूर्तिका लागि लिइने परीक्षाको पाठ्यक्रम सम्बन्धी मापदण्ड, २०७९ कार्यान्वयनमा रहेको छ। सङ्गठित संस्थामा उल्लेखनीय संख्यामा छोड्ने दर (turn over) घटाउन र परीक्षाको संख्यालाई घटाई स्तरीय र कम खर्चिलो बनाउन यी संस्थाहरूलाई clustering गरी प्रत्येक cluster को छुट्टाछुट्टै पूर्व योग्यता परीक्षा र मूल परीक्षा सञ्चालन गर्ने गरी लोक सेवा आयोग नियमावलीको पहिलो संशोधन २०८२ जेठ २६ मा गरिएको छ।

- निजामती सेवा,सुरक्षा निकाय तथा सङ्गठित संस्था सहित अन्य सार्वजनिक सेवामा कर्मचारी भर्ना र छनौटको कार्यलाई थप वस्तुनिष्ठ,समसामयिक र विश्वसनीय बनाउन तथा आयोगको संस्थागत क्षमता सुदृढीकरण गर्न आयोगको दोस्रो रणनीतिक योजना (२०७९/८०-२०८३/८४) तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ।
- आयोगको विगत १० वर्षको तथ्याङ्कलाई विश्लेषण गर्दानिजामती सेवा,नेपाल स्वास्थ्य सेवा,संघीय संसद सेवा समेत वार्षिक औसत ५ हजार ६ सय माग पद संख्या,पाँच लाख दरखास्त संकलन गरी पाँच हजार भन्दा बढी उम्मेदवार सिफारिस गर्ने गरिएको छ।सुरक्षा निकाय तथा सङ्गठित संस्थातर्फ वार्षिक औसत चार लाख दरखास्त पर्ने गरेको छ।
- नेपालमा निजामती सेवामा समावेशी पदपूर्तिको व्यवस्था भएदेखि (आर्थिक वर्ष २०६४/०६५ देखि २०८०/८१ सम्म) समावेशी समुहको विज्ञापनबाट महिला ८ हजार ६ सय, आदिवासी जनजाति ६ हजार ७ सय ५७, मधेसी ५ हजार ४ सय ९६, दलित २ हजार २ सय ९०, अपाङ्ग १ हजार १ सय ६१ र पिछडिएको क्षेत्रबाट ९ सय १४ जना गरी जम्मा २५ हजार २ सय १८ जना उम्मेदवार सिफारिस भएका छन्।प्रत्येक १० वर्षमा समावेशी पदपूर्ति व्यवस्थाको पुनरावलोकन गर्नुपर्नेमा सो हुन सकेको पाइदैन।
- नेपालको संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था गरिएको छ।प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन,२०७५ मा लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका कार्यगत सम्बन्ध सम्बन्धी व्यवस्था गरिएका छन्।ऐनमा आयोगका काम, कर्तव्य र अधिकार सम्बन्धमा प्रदेश कानूनमा व्यवस्था गर्दा लोक सेवा आयोग सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको आधारभूत मान्यता र सिद्धान्त अनुसार गर्नुपर्ने रविभिन्न सेवाका लागि उपयुक्त उम्मेदवार छनौटका लागि सञ्चालन गरिने परीक्षा र सम्पादन गरिने कार्यका सम्बन्धमा लोक सेवा आयोगले अपनाएको अभ्यास, विधि तथा मापदण्ड अवलम्बन गर्नुपर्ने उल्लेख छ।
- लोक सेवा आयोगले सङ्घीय कानुन बमोजिम अपनाएको सिद्धान्त तथा मापदण्ड विपरीत हुने गरी गरेको काम कारवाही स्वतः बदर हुनेसमेत उल्लेख छ।
- आयोगले प्रदेश लोक सेवा आयोगको कामकारबाहीलाई प्रभावकारी बनाउन आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यवीच समय-समयमा आवश्यक छलफलगराउन सक्ने समेत उल्लेख छ।

यसै सन्दर्भमा लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगहरूको सहभागितामा हरेक वर्ष राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरी कार्यान्वयनमा लगिएको छ। यस वर्ष कोशी प्रदेशको मोरङ जिल्लास्थित

विराटनगरमा समेत गरी हालसम्म यस्ता पाँच वटा राष्ट्रिय सम्मेलनहरू सम्पन्न गरिएको छ। यस्ता सम्मेलनहरूमार्फत लोक सेवा आयोगका स्थापित मूल्य,मान्यता,पद्दति र कार्यसम्पादनका सिद्धान्तहरू प्रदेश लोक सेवा आयोगहरूमा अबलम्बन गर्न गराउनेतर्फ सहयोग पुगिरहेको छ।

- संघीय निजामती कानून निर्माण हुन नसकेको अवस्थामा प्रदेशमा निजामती सेवा ऐन निर्माण भैसकेका, विद्यमान निजामती सेवा ऐनमा भएका सैद्धान्तिक विषय भन्दाफरक गरी समेत कानूनी व्यवस्था भएको अवस्था छ।जसले गर्दा पदपूर्ति प्रक्रिया, कर्मचारीको सेवा सुविधामा समेत असर पुगेको अवस्था छ। कतिपय प्रदेशमा लोक सेवा आयोगका सिद्धान्त विपरीत फरक ढङ्गले कानून निर्माण भएको अवस्था पनि छ।संघीय निजामती सेवा ऐन नआइसकेको अवस्थामा पनि प्रदेशमा निजामती सेवा ऐन बनाई कार्यान्वयनमा आइरहँदा कतिपय प्रावधानहरू वर्तमान निजामती सेवा ऐन र लोक सेवा आयोगका सिद्धान्त विपरीत भएका कारण प्रदेश अन्तर्गतका कर्मचारीहरूकोपदपूर्ति प्रकृया, सेवा र सुविधामा एकरूपता आउन सकेको छैन।

- नेपालको संविधानको धारा २४३ को उपधारा (२) को स्पष्टीकरण खण्डमा विश्वविद्यालय र शिक्षक सेवा आयोगको पदपूर्ति लोक सेवा आयोगको कार्यक्षेत्र भित्र समावेश गरिएको छैन।तर विश्वविद्यालयका सम्बन्धित ऐनमा लोक सेवा आयोगका सदस्य विश्वविद्यालय सेवा आयोगको सदस्य रहने व्यवस्था हालसम्म पनि कायमै रही प्रतिनिधित्व भइरहेको छ।पदपूर्तिसम्बन्धी कतिपय व्यवस्थाहरू लोक सेवा आयोगको सिद्धान्त तथा मूल्य मान्यता अनुकूल नरहेको पनि छ।

  साथै विविध कारणवस विश्वविद्यालयहरूमा रिक्त पद पूर्तिका लागि लामो समयसम्म परीक्षा सञ्चालन हुन नसकेका भनी विश्वविद्यालय सेवा आयोग तथा विश्वविद्यालय अनुदान आयोग समेतको पटक पटकको विशेष अनुरोधमा आयोगले आ.व. २०७८/७९ देखि त्रिभुवन विश्वविद्यालय,पूर्वाञ्चल विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, सुदूरपश्चिमाञ्चल विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालयहरूका लिखित परीक्षा आयोगबाट सञ्चालन गरी उक्त परीक्षाको नतिजा तयारीसम्मको कार्यमा सहजीकरण गरेको छ।यसबाट लामो समयदेखि सञ्चालन हुन नसकी अवरूद्ध रहेका विश्वविद्यालयहरूका लिखित परीक्षा सञ्चालन भई प्रतिस्पर्धात्मक आधारमा प्राध्यापक र कर्मचारी नियुक्ति भएको स्थिति रहेको छ।

- आयोगका भावी कार्यक्रमहरू धेरै महत्वाकांक्षी रहेका छैनन्।आयोग मातहतका सात ओटा कार्यालय भवन(धनकुटा,जलेश्वर,दाङ,हेटौडा,इलाम,बागलुङ,महेन्द्रनगर) हरू नयाँ निर्माण गर्न र बाँकी छ वटा कार्यालय भवनहरूमा परीक्षा हल समेत रहने गरी स्तरोन्नती गर्न अत्यावश्यक रहेको छ। साथै ६ वटा कार्यालयमा ५०० क्षमता र बाँकी ७ वटा कार्यालयमा २०० क्षमताका परीक्षा भवन निर्माण गर्न आवश्यक देखिन्छ।

- नविनतम परीक्षण प्रविधिका लागि शोध तथा अनुसन्धानमूलक कार्य गर्न, दक्ष विज्ञहरूको क्षमता अभिवृद्धि गर्न एवम् आयोगको कार्यक्षेत्र वृद्धि भएको सन्दर्भमा आवश्यक वित्तिय तथा भौतिक पूर्वाधार, सवारी साधन, मेसिनरी उपकरण लगायतको व्यवस्थापनको लागि नेपाल सरकारबाट स्रोत व्यवस्थापन हुँदै आएतापनि पर्याप्त हुन सकेको छैन।

- लोक सेवा आयोगले समग्र निजामती सेवामा सुधार लगायत विभिन्न महत्वपूर्ण विषयहरूमा आयोगका वार्षिक प्रतिवेदनमार्फत नेपाल सरकारलाई सुझाव पेश गर्दै आएको छ।उक्त सुझावहरूलाई गम्भीरतापूर्वक लिई नीतिगत एवं कार्यविधिगत सुधारहरू हुन सकेमा सार्वजनिक प्रशासनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन सहयोग पुग्ने देखिन्छ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

यस वर्षको वार्षिकोत्सव आयोग स्थापनाको ७५औं वार्षिकोत्सव तथा हीरक जयन्ती भएकाले यस वर्षलाई आयोगले हीरक जयन्ती वर्षका रूपमा मनाउने गरी सम्माननीय राष्ट्रपतिज्यूबाट समुद्घाटन भइसकेको छ।यस उपलक्ष्यमा आयोगले वर्ष भरी आयोगको काममकारवाहीको थप अभिवृद्धि गर्नआयोगका पूर्व पदाधिकारी तथा कर्मचारीहरूसंग अनुभव आदानप्रदान गर्ने,आयोगले अवलम्बन गरी आएका छनौट सम्बन्धी स्थापित विधि र प्रक्रिया सम्बन्धमा विश्वविद्यालय सेवा आयोगका पदाधिकारीहरूसंग अन्तर्क्रिया गर्ने, निजामती, सरकारी, सुरक्षा निकाय तथा सङ्गठित संस्थाको सेवा प्रवेशमा आयोगबाट सम्पादन गर्ने कार्य सम्बन्धमा विभिन्न विद्यालय, विश्वविद्यालयमा जनचेतनामूलक र उत्प्रेरणामूलक कार्यक्रम सञ्चालन गर्ने, आयोगका कामकारवाही सम्बन्धी श्रव्य दृष्य सामाग्री निर्माण गर्ने,आयोगका महत्वपूर्ण र सुरक्षीत राख्नुपर्ने अभिलेखलाई प्रविधिमा आधारित गरी व्यवस्थित बनाउने तथा स्मारिका प्रकाशन गर्ने लगायतक कार्यहरू गर्ने निर्णय गरेको छ।

आयोगको यस हीरक जयन्तीका अवसरमा आयोगको यस सभाकक्षलाई "**भुवनमानसिंह प्रधान सभाकक्ष**" नामाकरण गरिएको छ। वि.सं. २००३ सालमा लेखनदास सिपाहीको रूपमा सेवा प्रवेश गर्नु भएका भुवनमान सिंह प्रधानले वि.सं. २०१५ सालमा असिष्टेन्ट सेक्रेटरीको रूपमा लोक सेवा आयोगमा सरूवा भै निरन्तर सेवा गरी वि.सं. २०३६ सालदेखि आयोगको सचिवको रूपमा सेवा गरी वि.सं. २०४५ वैशाख १६ गते अवकाश लिनुभएको थियो। आयोगमा लामो समयसम्म रहनुभई परीक्षा प्रणालीमा योग्यता, निष्पक्षता र स्वच्छता अभिवृद्धि गर्न पुर्याउनुभएको अतुलनीय योगदानको कदर गर्दै आगामी पुस्तालाई पनि असल कार्य गर्न प्रेरित गर्नका लागि उहँको नामबाट सभाकक्षको नामाकरण गरिएको हो।

वार्षिकोत्सवको उपलक्ष्यमा राष्ट्रिय जीवनका प्रतिष्ठित महानुभावहरू समेत सहभागी भै अन्तर सम्वाद, परिसम्वाद कार्यक्रम आयोजना गरिएको थियो।आयोगमा अन्तरसंवैधानिक निकाय र आयोग मातहतका कार्यालयहरूमा प्रत्येक कार्यालय रहेका पालिकास्तरीय पाँच ओटा माध्यमिक विद्यालयहरूबीच हाजिरीजवाफ प्रतियोगिता, ब्याडमिन्टन प्रतियोगिता, रक्तदान कार्यक्रम र आँखा परीक्षण शिविर सञ्चालन गरिएको थियो।उपरोक्त कार्यक्रममा सहभागी हुनुहुने सबैमा आभार प्रकट गर्दै विभिन्न प्रतियोगितामा पुरस्कृत हुने सबैलाई बधाई ज्ञापन गर्दछु।

हाम्रा अग्रजहरूलाई सम्मानित गर्ने क्रममा यस वर्ष हामीले आयोगमा करिव २५ वर्षसम्म कार्यरत रही सेवा गर्नुभएका पूर्व कर्मचारी मुख्य मनोविज्ञानवेत्ता श्रीमती जया पाण्डेज्यूलाई सम्मान गर्ने निर्णय गरेका छौं। उहाँको आगामी जीवन सक्रिय, स्वस्थ र सफलताका साथ वितोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

विगतका सफलताप्रति गौरवबोध गर्दै, कमजोरीवाट सिक्ने एवम् वर्तमान र भविष्यका आवश्यकताहरूको पहिचान गर्दै आगामी कार्ययोजना निर्माण गर्न सकिएमा मात्र वार्षिकोत्सवले सार्थकता पाउने हुँदा आयोगको वर्तमान पद्धतिलाइ मजवुत बनाउन निरन्तरक्रियाशिल रही आगामी दिनमा सुधारका कार्य थप अगाडीबढाउँदै लैजाने प्रतिवद्धता जाहेर गर्दछौं।

लोक सेवा आयोगको कार्यसम्पादनलाई सहज वनाउन सहयोग गर्ने नेपाल सरकारका निकायहरू, सुरक्षा निकायहरू, विद्यालय/विश्वविद्यालयहरू, सार्वजनिक संस्थाहरू प्रति आयोग हार्दिक आभार प्रकट गर्दछ।आयोगको काममा आफ्नो विज्ञताद्वारा अतुलनीय योगदान दिने "लोक सेवा आयोगका मित्र" सम्पूर्ण विषयविज्ञ वा दक्षहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।साथै, यो कार्यक्रम सफल बनाउन विभिन्न समितिको संयोजक भै निरन्तर खट्ने आयोगका माननीय सदस्यज्यूहरू, सचिव लगायत सम्पूर्ण कर्मचारीहरूलाई पनि म धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा,कार्यक्रमका प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यूको गरिमामय उपस्थितिका लागि हार्दिक कृतज्ञता तथा आभार प्रकट गर्छु। विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू, विशेष अतिथि, प्रतिनिधि सभा,राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापतिज्यूको प्रेरणादायी उपस्थिति प्रति पुनः हार्दिक कृतज्ञता प्रकट गर्दछु। साथै अन्य सम्पूर्ण विशिष्ट व्यक्तित्वप्रति उपस्थितिको लागि पुनः एकपटक हार्दिक आभार व्यक्त गर्दछु।

**धन्यवाद !**

# लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सवको एवं हीरक जयन्तीको अवसरमा लिइएका तस्वीरहरु



७५ औं वार्षिकोत्सव एबम हीरक जयन्ती कार्यक्रम समुद्घाटन गर्नु हुँदै सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल




लोक सेवा आयोगको हीरक जयन्ती वर्ष समुद्घाटन गर्नु हुँदै सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल



७५ औं वार्षिकोत्सव एवं हीरक जयन्ती कार्यक्रममा मन्तब्य राख्दै सम्माननीय राष्ट्रपति, रामचन्द्र पौडेल



७५ औं वार्षिकोत्सव एवं हीरक जयन्ती कार्यक्रममा मन्तब्य राख्दै सम्माननीय प्रधानमन्त्री, के.पी. शर्मा ओली




७५ औं वार्षिकोत्सव एवं हीरक जयन्ती कार्यक्रममा मन्तब्य राख्दै लोक सेवा आयोगका माननीय अध्यक्ष, माधवप्रसाद रेग्मी




सम्मानीय राष्ट्रपति, रामचन्द्र पौडेल (बायाँबाट दोस्रो), सम्मानीय प्रधानमन्त्री, के.पी शर्मा ओली (बायाँबाट तेस्रो) र माननीय रामहरी खतिवडा, सभापति (राज्य व्यवस्था तथा सुशासन समिति) संग आयोगका पदाधिकारी र सचिवज्यूको सामुहिक तस्वीर




सम्माननीय राष्ट्रपतिज्यू, प्रधानमन्त्रीज्यू र राज्य व्यवस्था समितिका सभापतिज्यूसँग आयोगका पदाधिकारीहरु सहित पुरस्कृत हुने कर्मचारीहरुको सामूहिक तस्वीर

# आर्थिक वर्ष २०८१-०८२ को चौथो त्रैमासिक अवधिको कार्यसम्पादन अवस्था

## १. आयोगका बैठक र निर्णय

आर्थिक वर्ष २०८१/०८२ को चौथो त्रैमासिक अवधिमा २० पटक बैठक बसी आयोगले देहाय अनुसार कुल ७८ वटा निर्णयहरु गरेको छ।

| निर्णयको विषय | निर्णय सख्या |
|---|---|
| विभागीय सजायको परामर्श | २ |
| बढुवा उजुरी सम्बन्धी | १५ |
| लिखित परीक्षा, नतिजा र अन्तर्वार्ता | ६ |
| सुरक्षा निकाय तर्फ (पदपूर्ति सहमति) | २ |
| सङ्गठित संस्थातर्फ (पदपूर्ति सहमति) | १२ |
| अनियमितता उपर कारबाही | ७ |
| नीति नियम सम्बन्धी (परामर्श प्रदान) | ७ |
| पाठ्यक्रम तथा मूल्याङ्कन | ११ |
| परीक्षण प्रविधि | १ |
| सुरक्षा निकाय तथा सङ्गठित संस्था तर्फ | १ |
| विविध (प्रशासन शाखा समेत) | १४ |
| **जम्मा** | ७८ |

## २. पाठ्यक्रम तथा मूल्यांकन शाखा

### परिमार्जन भएका पाठ्यक्रम

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | उपसमूह | निर्णय मिति | लागू हुने मिति |
|---|---|---|---|---|---|---|---|
| १ | सहसचिव वा सो सरह | रा.प.प्रथम | नेपाल इञ्जिनियरिङ्ग | सिभिल | जनरल | २०८२/०३/०९ | २०८२/०३/०९ |
| २ | सहसचिव वा सो सरह | रा.प.प्रथम | नेपाल इञ्जिनियरिङ्ग | सिभिल | हाईवे | २०८२/०३/०९ | २०८२/०३/०९ |
| ३ | सहसचिव वा सो सरह | रा.प.प्रथम | नेपाल इञ्जिनियरिङ्ग | सिभिल | इरिगेशन | २०८२/०३/०९ | २०८२/०३/०९ |
| ४ | सहसचिव वा सो सरह | रा.प.प्रथम | नेपाल इञ्जिनियरिङ्ग | सिभिल | स्यानिटरी | २०८२/०३/०९ | २०८२/०३/०९ |
| ५ | सहसचिव वा सो सरह | रा.प.प्रथम | नेपाल इञ्जिनियरिङ्ग | सिभिल | हाईड्रोपावर | २०८२/०३/०९ | २०८२/०३/०९ |
| ६ | सहसचिव वा सो सरह | रा.प.प्रथम | नेपाल इञ्जिनियरिङ्ग | सिभिल | हाईड्रोलोजी | २०८२/०३/०९ | २०८२/०३/०९ |
| ७ | सहसचिव वा सो सरह | रा.प.प्रथम | नेपाल इञ्जिनियरिङ्ग | सिभिल | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | २०८२/०३/०९ | २०८२/०३/०९ |

### आयोगबाट स्वीकृति प्रदान गरिएका सुरक्षा निकाय तथा सङ्गठित संस्थाहरुको पाठ्यक्रमहरुको विवरण

| क्र.सं. | निकाय/संस्थाको नाम | पद | तह/श्रेणी | सेवा/समूह/उपसमूह | कुल पाठ्यक्रम संख्या | स्वीकृति प्रदान गरिएको मिति |
|---|---|---|---|---|---|---|
| १. | विद्युत नियमन आयोग | विभिन्न | विभिन्न | प्राविधिक/प्रशासन | १३ | २०८२/०१/०८ |
| २. | नेपाली सेना | प्रा.जम. छापाखाना | - | सैनिक प्राविधिक/अन्य/प्राविधिक/जनसम्पर्क तथा मनोवैज्ञनिक | १ | २०८२/०१/१० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र | विभिन्न | रा.प.अनं. प्रथम ख | प्रशासन/आर्थिक प्रशासन | ३ | २०८२/०२/२६ |
| ४. | नेपाल कानून व्यवसायी परिषद् | विभिन्न | विभिन्न | प्राविधिक/प्रशासन | ४ | २०८२/०२/२६ |
| ५. | सबै सङ्गठित संस्था(एकीकृत तथा संयुक्त पूर्व योग्यता परीक्षा) | विभिन्न | चौथो वा सहायकस्तर द्वितीय | अप्राविधिक | १ | २०८२/०२/२७ |
| ६. | सार्वजनिक सेवा प्रशारण नेपाल (नेपाल टेलिभिजन) | विभिन्न | विभिन्न | प्राविधिक/प्रशासन | १० | २०८२/०३/२३ |
| ७. | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | अधिकृत | ६ | प्रशासन/सामान्य प्रशासन | १ | २०८२/०३/२३ |
| ८. | गुठी संस्थान | विभिन्न | विभिन्न | विभिन्न | ११ | २०८२/०३/२५ |
| ९. | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड | विभिन्न | विभिन्न | प्रशासन/विविध | ११ | २०८२/०३/२५ |

## ३. परीक्षण प्रविधि शाखा

**यस त्रैमासिक अवधिमा देहाय बमोजिमका कार्यहरु सम्पन्न भएका छन्।**

**शैक्षिक योग्यता द्विविधा सम्बन्धी भएका निर्णयहरुः**

| क्र.सं | पद | श्रेणी/तह | सेवा | समूह/उपसमूह | विद्यमान शैक्षिक योग्यता | निर्णय |
|---|---|---|---|---|---|---|
| १ | उप-स्वास्थ्य प्रशासक | नवौं | नेपाल स्वास्थ्य | एकीकृत चिकित्सा | मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद तथा एलोप्याथी विषयमा स्नातक (व्याचलर अफ आयुर्वेदिक एण्ड मोर्डन मेडिसिन एण्ड सर्जरी) उपाधि प्राप्त गरी एम.पी. एच. वा सो सरहको स्वास्थ्य क्षेत्रको समकक्ष उपाधि प्राप्त। | Bachelor of Ayurvedic Medicine and Surgery (BAMS) र Bachelor of Ayurvedic and Modern Medicine and Surgery (BAMMS) मा अध्ययन गराइने विषयवस्तु ९० प्रतिशत समान रहेको, हाल BAMMS को छुट्टै अध्ययन अध्यापन हुने नगरेको तथा आयुर्वेदि चिकित्सा परिषद् नेपालमा पनि एकै category मा दर्ता गरीने गरीएको हुँदा BAMS र BAMMS लाई समान योग्यता मान्न सकिने। |
| २ | उपसचिव वा सो सरह | राजपत्राङ्कित द्वितीय | नेपाल इञ्जिनियरिङ | सर्भे | राजप्रत्रांकित तृतीय श्रेणीको नापी अधिकृत वा सो सरहको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेको र मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोमेटिक्स संग सम्वन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र ऐनको दफा ७ को उपदफा १६ वमोजिमको अनुभव प्राप्त गरेको। | नेपाल खुल्ला विश्वविद्यालयबाट हासिल गरेको Master in Geoinformatics तोकिएको न्यूनतम योग्यताको Geomatics मा स्नातकोत्तरसँग सम्बन्धित रहेको देखियो। |

**परीक्षण सम्बन्धी कार्यहरुः-**

| क्र.सं | सेवा समूह | पद | कार्य विवरण |
|---|---|---|---|
| १ | राष्ट्रिय मानव अधिकार | सहसचिव वा सो सरह | आन्तरिक प्रतियोगितात्मक परीक्षाको द्वितीय चरणमा रहको मामिला प्रस्तुतीकरण को तयारी परीक्षा र प्रस्तुतीकरणको परीक्षा सञ्चालन तथा व्यवस्थापन |
| २ | अप्राविधिक (प्रशासन, न्याय, लेखापरीक्षण) | उप सचिव वा सो सरह | आन्तरिक प्रतियोगितात्मक परीक्षाको द्वितीय चरणमा रहको In-Basket exercise को उत्तरपुस्तिका परीक्षण तथा व्यवस्थापन |

| क.सं | सेवा समूह | पद | कार्य विवरण |
|---|---|---|---|
| ३ | अप्राविधिक (प्रशासन, न्याय, लेखापरीक्षण) | उप सचिव वा सो सरह | खुला तथा समावेशी परीक्षाको द्वितीय चरणमा रहको In-Basket exercise को उत्तरपुस्तिका परीक्षण तथा व्यवस्थापन |
| ४ | राष्ट्रिय मानव अधिकार | उप सचिव वा सो सरह | खुला प्रतियोगितात्मक परीक्षाको द्वितीय चरणमा रहको मामिला प्रस्तुतीकरण को तयारी परीक्षा र प्रस्तुतीकरणको परीक्षा सञ्चालन तथा व्यवस्थापन |

**सङ्गठित संस्थाको कर्मचारी सेवा सुविधा विनियमावली मस्यौदामा संशोधित शैक्षिक योग्यता:**

| क.सं. | संगठन | विनियमावली |
|---|---|---|
| १ | राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड | राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०८१ |
| २ | नेपाल वायुसेवा निगम | नेपाल वायुसेवा निगमका कर्मचारीहरूको सेवा, शर्त सम्बन्धी विनियमावली |

## ४. पदपूर्तिका लागि माग र प्रतिशत निर्धारण

यस त्रैमासिक अवधिमा पदपूर्तिका लागि कुनै पनि श्रेणी/तह तथा पदको माग संकलन र प्रतिशत निर्धारण नगरिएको।

| क.सं. | श्रेणी/तह | माग संकलन | प्रतिशत निर्धारण |
|---|---|---|---|
| - | - | - | - |
| जम्मा | | - | - |

## ५. विज्ञापन प्रकाशन

यस अवधिमा आयोगबाट प्राविधिक र अप्राविधिक तर्फका कुनै पनि पदहरुको विज्ञापन प्रकाशन नगरिएको।

| श्रेणी/तह | बढुवा | | आ.प्र. | | खुला | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | विज्ञापन संख्या | पदसंख्या | विज्ञापन संख्या | पदसंख्या | विज्ञापन संख्या | पदसंख्या | विज्ञापन संख्या | पद संख्या |
| | – | – | – | – | – | – | – | – |
| **जम्मा** | - | - | - | - | - | - | - | |

## खुला तथा समावेशीतर्फ

| किसिम | अप्राविधिक | | प्राविधिक | |
|---|---|---|---|---|
| | विज्ञापन संख्या | पदसंख्या | विज्ञापन संख्या | पदसंख्या |
| खुलातर्फ | - | - | - | - |
| **समावेशीतर्फ** | - | - | - | - |
| महिला | - | - | - | - |
| आ.ज. | - | - | - | - |
| मधेसी | - | - | - | - |
| दलित | - | - | - | - |
| अपाङ्ग | - | - | - | - |
| पि.क्षे. | - | - | - | - |
| **समावेशी जम्मा** | - | - | - | - |
| **कुल जम्मा** | - | - | - | - |

## ६. दरखास्त संकलन

### दरखास्त व्यवस्थापन केन्द्र

आयोग अन्तर्गतको दरखास्त व्यवस्थापन केन्द्रमा यस चौथो त्रैमासिक अवधिमा कुल ६८५ उम्मेदवारहरुबाट बढुवा सम्बन्धी दरखास्त प्राप्त भएका छन्। प्राप्त दरखास्तको श्रेणी/तह अनुसारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क.सं. | श्रेणी/तह | जेष्ठता र कार्यसम्पादनद्वारा हुने बढुवा | कार्यक्षमताको मुल्याङ्कनद्वारा हुने बढुवा | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | रा.प.द्वितीय | २२ | ३७ | ५९ | |
| १ | रा.प. तृतीय | ६२६ | - | ६२६ | |
| | जम्मा | ६४८ | ३७ | ६८५ | |

**अनलाइन दरखास्त प्रणाली**

**श्रेणी/तहगत**

आयोगको अनलाइन दरखास्त प्रणाली मार्फत यस चौथो त्रैमासिक अवधिमा कुल १० हजार ५ सय ३९ उम्मेदवारहरुबाट दरखास्त प्राप्त भएका छन्। प्राप्त दरखास्तको श्रेणी/तह अनुसारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क.सं. | विवरण | अप्राविधिक | | प्राविधिक | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | |
| १ | रा.प.द्वितीय | ८१ | ८१ | - | - | १६२ |
| २ | रा.प.अनं. द्वितीय | ८३५ | १५३१ | २४४४ | ५२५४ | १००६४ |
| ३ | सहायक चौथो | - | - | १४३ | १७० | ३१३ |
| | **जम्मा** | **९१६** | **१६१२** | **२५८७** | **५४२४** | **१०५३९** |

**आ.प्र., खुला तथा समावेशीतर्फ**

| किसिम | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| आन्तरिक प्रतियोगितातर्फ | १६ | ५२ | ६८ |
| खुलातर्फ | १६८७ | ४९२९ | ६६१६ |
| **समावेशीतर्फ** | | | |
| महिला | १४१८ | - | १४१८ |
| आदिवासी/जनजाति | २२४ | ५४३ | ७६७ |
| मधेसी | ११५ | ११३० | १२४५ |
| दलित | १० | ८६ | ९६ |
| अपाङ्ग | ६ | ५३ | ५९ |
| पिछडिएको क्षेत्र | २७ | २४३ | २७० |
| **समावेशी जम्मा** | **१८००** | **२०५५** | **३८५५** |
| **कुल जम्मा** | **३५०३** | **७०३६** | **१०५३९** |

**जिल्लागत विवरण**

उम्मेदवारको स्थायी ठेगानामा उल्लेखित जिल्लाका आधारमा प्राप्त दरखास्तहरु विश्लेषण गर्दा यस अवधिमा रुकुम पश्चिम, सर्लाही, सप्तरी, महोत्तरी र धनुषा जिल्लाबाट सबै भन्दा बढी तथा तेह्रथुम, मनाङ, म्याग्दी, मुस्ताङ र रसुवा जिल्लाबाट सबै भन्दा कम दरखास्त प्राप्त भएको देखिन्छ। दरखास्तको जिल्लागत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| रुकुम पश्चिम | २९८ | ३२४ | ६२२ |
| सर्लाही | ११७ | ४९० | ६०७ |
| सप्तरी | ९४ | ४७१ | ५६५ |
| महोत्तरी | १२२ | ४३६ | ५५८ |
| धनुषा | १४९ | ४०७ | ५५६ |
| सिरहा | ११३ | ३३९ | ४५२ |
| रौतहट | ७८ | ३४८ | ४२६ |
| बारा | ३३ | ३७४ | ४०७ |
| जुम्ला | १२८ | २४० | ३६८ |
| कञ्चनपुर | १३० | ११६ | २४६ |
| कैलाली | ७९ | १६० | २३९ |
| पर्सा | २१ | १९९ | २२० |
| दाङ | ९६ | १२१ | २१७ |
| सल्यान | १०९ | १०१ | २१० |
| कालिकोट | ५७ | १४६ | २०३ |
| बझाङ | ४१ | १५९ | २०० |
| रुपन्देही | २३ | १७७ | २०० |
| जाजरकोट | ५६ | १३९ | १९५ |
| बर्दिया | ४७ | १४३ | १९० |
| दैलेख | ८४ | १०० | १८४ |

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| सुर्खेत | १०३ | ७६ | १७९ |
| बैतडी | ६६ | ११० | १७६ |
| सुनसरी | ५१ | ११७ | १६८ |
| कपिलवस्तु | ३९ | ११३ | १५२ |
| मोरङ | ५७ | ८८ | १४५ |
| बाँके | ५१ | ८८ | १३९ |
| अछाम | ३१ | ९१ | १२२ |
| बाजुरा | ३७ | ६६ | १०३ |
| रोल्पा | ५९ | ४२ | १०१ |
| दार्चुला | ५१ | ४९ | १०० |
| सिन्धुली | ४६ | ४८ | ९४ |
| गुल्मी | ४७ | ४३ | ९० |
| झापा | ३७ | ५२ | ८९ |
| खोटाङ | ५३ | ३६ | ८९ |
| हुम्ला | २१ | ६६ | ८७ |
| काभ्रेपलाञ्चोक | ५४ | ३२ | ८६ |
| अर्घाखाँची | ४४ | ३८ | ८२ |
| मुगु | २० | ६० | ८० |
| प्युठान | ३१ | ४५ | ७६ |
| पाल्पा | ३६ | ३९ | ७५ |

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| रामेछाप | ४८ | २० | ६८ |
| उदयपुर | २६ | ४२ | ६८ |
| काठमाडौं | ४४ | २३ | ६७ |
| डँडेलधुरा | २५ | ४१ | ६६ |
| स्याङ्जा | २४ | ४१ | ६५ |
| डोटी | १६ | ४८ | ६४ |
| मकवानपुर | १६ | ४२ | ५८ |
| ईलाम | २६ | २९ | ५५ |
| गोरखा | २५ | २७ | ५२ |
| संखुवासभा | ३३ | १९ | ५२ |
| धादिङ | २४ | २७ | ५१ |
| नवलपरासी पश्चिम | ७ | ४४ | ५१ |
| चितवन | २२ | २८ | ५० |
| ओखलढुङ्गा | २८ | २२ | ५० |
| दोलखा | ३२ | १७ | ४९ |
| पर्वत | ३१ | १६ | ४७ |
| नुवाकोट | २४ | २२ | ४६ |
| कास्की | २० | २५ | ४५ |
| सिन्धुपाल्चोक | १९ | २५ | ४४ |

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| रुकुम पुर्व | २४ | १७ | ४१ |
| बागलुङ | २२ | १७ | ३९ |
| भक्तपुर | २३ | १६ | ३९ |
| डोल्पा | १९ | १७ | ३६ |
| भोजपुर | १५ | १८ | ३३ |
| लमजुङ | १८ | १३ | ३१ |
| धनकुटा | १८ | १२ | ३० |
| तनहुँ | १२ | १५ | २७ |
| ललितपुर | ६ | २० | २६ |
| नवलपरासी पुर्वा | ८ | १२ | २० |
| पाँचथर | ६ | १४ | २० |
| सोलुखुम्बु | १६ | ३ | १९ |
| ताप्लेजुङ | ९ | ५ | १४ |
| तेह्रथुम | ६ | ५ | ११ |
| मनाङ | ० | ३ | ३ |
| म्याग्दी | १ | १ | २ |
| मुस्ताङ | १ | ० | १ |
| रसुवा | ० | १ | १ |
| कुल जम्मा | ३५०३ | ७०३६ | १०५३९ |

## जातिगत विवरण

उम्मेदवारले दरखास्त पेश गर्दा उल्लेख गरेको जातिगत विवरणका आधारमा दरखास्त फारामको जातिगत वर्गीकरण यस प्रकार रहेको छ।

| जात/जाति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| क्षेत्री | ९६२ | १२२८ | २१९० |
| ब्राह्मण – पहाड | ६६७ | ८८९ | १५५६ |
| यादव | २२० | ९६० | ११८० |
| थारू | २२३ | ६१० | ८३३ |
| मगर | २७१ | २१० | ४८१ |
| तेली | ७२ | ३४९ | ४२१ |
| कोइरी/कुशवाहा | ८८ | २७५ | ३६३ |
| ब्राह्मण – तराई | १३४ | १९२ | ३२६ |
| ठकुरी | १३४ | १७० | ३०४ |
| नेवाः (नेवार) | १०० | ११९ | २१९ |
| विश्वकर्मा | ५९ | १५० | २०९ |
| धानुक | २४ | १४४ | १६८ |
| सुँडी | २८ | ८६ | ११४ |
| मुसलमान | ११ | ९८ | १०९ |
| कुर्मी | १३ | ९० | १०३ |
| राई | ६३ | ३४ | ९७ |
| कलवार | ११ | ८२ | ९३ |
| तामाङ | ३३ | ५९ | ९२ |
| कानु | १० | ८१ | ९१ |
| चमार/हरिजन/राम | ५ | ८३ | ८८ |
| कुम्हार | ७ | ८० | ८७ |
| सार्की | २३ | ६० | ८३ |
अन्तर्वार्तामा उम्मेदवारको नैतिकता, नेतृत्व क्षमता र निर्णय शैली जाँच गर्न मनोवैज्ञानिक परीक्षण (situational judgement test) वा psychometric test लाई पनि समावेश गर्न सकिन्छ। लोक सेवाको परीक्षामा सहभागी तथा उत्तीर्ण उम्मेदवारको pattern analysis गरेर कम प्रतिनिधित्व भएका वर्गलाई पहिचान गर्न सकिन्छ। त्यस अनुसार, आयोगले आवश्यक नीति निर्माण (जस्तै सचेतना कार्यक्रम वा विशेष तयारी कक्षा) गर्न सक्नेछ, जसले प्रशासनमा सबै वर्गको समान पहुँच सुनिश्चित गर्छ। लोक सेवा आयोग, तालिम प्रदान गर्ने निकाय तथा सेवा संचालन गर्ने निकायबीच समन्वय कायम गरी सार्वजनिक सेवालाई अझ भरपर्दो, निष्पक्ष र जनकेन्द्रित बनाउन सकिन्छ।

**निजामती सेवाको राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव पदको प्रतिस्पर्धात्मक परीक्षामा नेपाल प्रशासन सेवाको राजश्व समूहतर्फको खुला प्रतियोगितात्मक परीक्षाबाट सिफारिस हुनुभएका उम्मेदवार श्री खगेन्द्र बर्देवासँग लिइएको अन्तर्वार्ताः**



**१. सर्वप्रथम त निजामती सेवाको प्रशासन सेवा, राजश्व समूहको राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव पदमा खुला प्रतिस्पर्धाबाट छनौट हुनु भएकोमा तपाईंलाई हार्दिक बधाई छ। लोक सेवा आयोगले संचालन गर्ने प्रतिस्पर्धात्मक परीक्षामा छनौट हुन पाठ्यक्रममा निर्दिष्ट गरिएका र अन्य सान्दर्भिक विषयवस्तुहरुको अध्ययन तथा तयारी कसरी गर्नुभएको थियो ?**

मलाई लोक सेवा तयारी गर्दा कहिल्यै पनि धेरै पुस्तक किनेर पढ्ने बानी परेन। पाठ्यक्रम केन्द्रित भई तयार गरिएको मलाई उपयुक्त लागेको बजारको एउटै मात्र पाठ्यपुस्तकलाई मुख्य आधार पुस्तक बनाएर तयारी गर्ने रणनीति अवलम्बन गरेको थिएँ। यसका अतिरिक्त पाठ्यक्रममा आधारित निजामती सेवा पत्रिका, प्रशासन, कामाद लगायतका जर्नलका लेख रचनाहरु, नेपाल सरकारका आवधिक योजना, बजेट, आर्थिक सर्वेक्षण, मौद्रिक नीति लगायतका आधिकारिक दस्तावेजका आफूलाई महत्वपूर्ण लागेका विषयवस्तुलाई छानेर पढ्ने गरेको थिएँ। तर खासगरी मलाई पाठ्यक्रम सम्वद्ध अन्तराष्ट्रिय जर्नलका सान्दर्भिक विषयहरु चाहिँ खोजेरै अध्ययन गर्न असाध्यै रुची लाग्दथ्यो। उपसचिवको तयारी गर्दा मैले यसलाई अलि बढी प्राथमिकता दिएको थिएँ। परीक्षाको तयारी गर्दा पाठ्यक्रमसँग मेल खाने समालोचनायुक्त लेखहरु र नेपालको शासकीय प्रबन्ध, परराष्ट्र मामिला तथा अर्थव्यवस्थासँग सम्बन्धित एक दुई वटा सन्दर्भ पुस्तकहरु समेत अध्ययन गरेको थिएँ ।

**२. परीक्षाको समयमा प्रश्नहरुको उत्तर कसरी लेख्न उपयुक्त हुन्छ ? आफ्नो अनुभवको आधारमा लोक सेवा आयोगको तयारीमा रहेका उम्मेदवारहरुलाई के सुझाव दिनुहुन्छ ?**

लोक सेवा तयारी गर्ने अधिकांशमा धेरै पढ्नुपर्छ भन्ने धारणा रहिआएको पाईन्छ। तर कुनै पनि उम्मेदवार विषयवस्तुमा जतिसुकै तीक्ष्ण भए पनि परीक्षकले उम्मेदवारको क्षमता जाँच गर्ने भनेको उसको लेखन कत्तिको दमदार, वजनदार र स्तरीय छ भन्ने आधारमा हो। परीक्षकलाई तपाईंले दैनिक कति घण्टा पढ्नुभयो, तपाईंमा विषयको कति गहिरो ज्ञान छ वा तपाईंले कति बुझ्नुभएको छ भन्ने कुरा थाहा नै हुँदैन, जबसम्म तपाईंले आफ्नो ज्ञानलाई कलात्मक र सिलसिलेवार अनि अरु भन्दा केही पृथक रुपमा प्रस्तुत गरी आफूलाई उक्त विषयमा राम्रो दखखल रहेको अनुभूत गराउन गर्न सक्नु हुन्न। त्यसैले मैले चाहिँ लोक सेवा तयारी गर्दा यो कुरालाई सदैव केन्द्रमा राखेर प्रस्तुत हुन्छु, जसले मैले लेखेका अधिकांश परीक्षामा मलाई सफल बनाएको हो कि जस्तो पनि लाग्छ। लेखनमा Thesis Statements, Supporting details, Coherence तथा Cohesion जस्ता Technicla Part लाई ध्यान दिँदै सुरुदेखि नै लेखनलाई स्तरीय बनाउने अभ्यास गर्न सकियो भने त्यसबाट लेखनलाई थप वजनदार र आकर्षक बनाउन सकिन्छ।

अर्कोतर्फ मेरो अनुभवमा परीक्षामा प्रश्नको उत्तर लेख्दा सबैभन्दा पहिले प्रश्नलाई ध्यानपूर्वक बुझ्न आवश्यक हुन्छ। प्रश्नले के मागेको हो - परिभाषा, व्याख्या वा विश्लेषण वा अन्य विषय। त्यो पहिल्यै छुट्याउनु उपयुक्त हुन्छ। त्यसपछि उत्तरलाई उचित ढाँचामा लेख्नुपर्छ । जसमा सुरुवातमा छोटकरीमा परिचय, बीचमा मुख्य विषय वा बुँदाहरु क्रमबद्ध र सिलसिलेवार रूपमा र अन्त्यमा छोटकरी निष्कर्ष राख्नाले उत्तर पूर्ण देखिन्छ। उत्तर लेख्दा कतिपय तथ्य तथ्यांक र उदाहरण समावेश गर्दा त्यसले उत्तरलाई थप वस्तुगत बनाउँछ। तर कतिपय उम्मेदवारहरुले अनावश्यक र अत्याधिक बढी तथ्यांक र उदाहरण राखेर उत्तरलाई भद्धा बनाएको पनि देखेको छु, जुन त्यति राम्रो होइन जस्तो लाग्छ। यसैगरी उत्तर लेख्दा अधिकृतस्तर भन्दा तलका परीक्षामा विषयवस्तुलाई प्रश्नले माग गरेका विषयको सिधा उत्तर लेख्न सकिन्छ। तर अधिकृतस्तरका पदमा भने अलि विश्लेषणात्मक र प्रश्नले मागेका विषयमा आफ्नो धारणाहरु समेत समेटेर उत्तर लेख्नुपर्ने हुन्छ।

मैले अनुभव गरेको अर्को महत्त्वपूर्ण पक्ष भनेको समय व्यवस्थापन हो। हरेक प्रश्नको अंक अनुसार समय विभाजन गरी लेख्दा सम्पूर्ण प्रश्नलाई निर्धारित समयमै हल गर्न सकिन्छ। तर समयभित्र लेख्ने अभ्यास भने परीक्षा अगावै

तयारी कक्षाका समयबाटै सुरु गर्नुपर्दछ। साथै उत्तरलाई स्पष्ट, सरल भाषामा र सुसंगत ढंगबाट उदाहरणसहित प्रस्तुत गर्दा परीक्षकलाई बुझ्न सजिलो हुन्छ।

लोक सेवा आयोगको तयारीमा रहेका साथीहरूलाई मेरो सुझाव भनेको निरन्तर लेखन अभ्यास गर्ने, पुराना प्रश्नपत्रहरू हल गर्ने हो। उत्तरलाई अनावश्यक रूपमा लामो नबनाउने, तर आवश्यक र प्रश्नले मागेका कुराहरुलाई अनिवार्य रुपमा उल्लेख गर्ने हो। यसले परीक्षार्थीको उत्तरलाई प्रश्नकेन्द्रित हुन, समय व्यवस्थापन गर्न र आत्मविश्वास कायम गर्न मद्दत गर्दछ।

मेरो निजामती सेवामा विभिन्न ४ वटा तहमा पाएको सफलतासहितको अनुभवले के भन्छ भने लोक सेवामा सफलताका लागि मुख्य चारवटा कुराको आवश्यकता हुन्छः उच्च मनोबल, निरन्तरको प्रयास, दृढ संकल्प र योजनावद्ध अभ्यास। लोक सेवामा होस् वा अन्य जुनसुकै क्षेत्रमा सफलता प्राप्तिको लागि मूल मन्त्र भनेको नै यही हो जस्तो लाग्छ। यद्धपि अरुभन्दा केही फरक क्षमता छ भने ठीकै मेहनतमा पनि सहज रुपमा सफलता हासिल गर्न सकिन्छ। तर यदि तपाईंसँग लोक सेवा लड्न साह्रै न्यूनतम क्षमता पनि छैन भने त्यो पदमा प्रयास गर्नु केवल बालुवामा पानी पनि हुन सक्दछ। जस्तैः गणितमा एकदमै कमजोर उम्मेद्वारले अहिलेको खरिदार वा सो सरहको परीक्षा पास गर्नु फलामको चिउरा नै हुन सक्छ। त्यसैले पाठ्यक्रमको गहन अध्ययन गरी आफ्नो क्षमता सुहाउँदो पदको मात्र निरन्तर तयारी गर्न सकेमा त्यसले सफलता प्राप्त गर्न केही सजिलो हुन्छ। अर्कोतर्फ लोक सेवाको परीक्षा दिन आउने भनेको अप्सन वा विकल्प राखेर होइन। एक दुई बर्ष लोक सेवा तयारी गर्छु, भएन भने विदेश जान्छु' भन्ने जस्ता विकल्प राखेर पढ्नेलाई सफलता प्राप्त गर्न कठिन हुन्छ। बरु दुई बर्षभित्र जसरी पनि सफल हुन्छु भन्ने उद्देश्य राखेर सफलताका लागि Hard Work र Strategic Preparations गर्न सकेमा मात्र सफलता प्राप्त गर्न सकिन्छ। माथिल्ला पदका परीक्षाहरुमा अध्ययन मात्र नभई चिन्तन मनन र विषयको गहन विश्लेषण समेत अनिवार्य हुन्छ भने तल्ला तहमा विषयवस्तुको पूर्ण ज्ञान आवश्यक हुन्छ। सुरुवाती तयारी गर्नेहरुलाई लागि कोचिङ्ग सेन्टरहरुको कक्षा र आफूभन्दा पहिला र निरन्तर रुपमा सबै तहमा सफल भईरहेका व्यक्तिहरुको मार्गदर्शन समेत उपयोगी हुन सक्दछ। सुन्दर अक्षर, ओजयुक्त शब्दचयन, कलात्मक र मिठासयुक्त लेखनशैली र अरुको भन्दा केही विशेष फरकपन, समालोचनायुक्त, Logical र पृथक लेखाईले सफलतालाई अवश्य सहयोग गर्छ। लोक सेवाको परीक्षामा सफलता प्राप्त गर्नु मात्रै जीवन सफल हुनु भन्ने होइन। छनौट भई कार्यस्थलमा गईसकेपछि सेवा प्रवाहमा समेत अब्बलता प्रदर्शन गर्न सक्ने गरी आफ्नो क्षमतालाई निखार्न सकेमा मात्र सार्वजनिक जीवनमा समेत सफल हुन सकिन्छ।

Work Life Balance अझ बढी महत्वपूर्ण हुन्छ। आफू, आफ्नो परिवार र उनीहरुको समयलाई बेचेर जागिर खाने कैयौं मानिस सार्वजनिक जीवनमा त सफल देखिएलान् तर भित्रभित्रै आफ्नै समस्यासँग पिल्सिएर विक्षिप्त र निराशायुक्त जीवन बाँचिरहेका समेत कैयौं उदाहरणहरु छन्। त्यसैले लोक सेवाको परीक्षामा सफल हुनु वा चाँडै उच्च तहमा पुग्नुलाई मात्र सफलताको मानक नमानी Work Life Balance गर्दै आफू समेत खुशी रहँदै देश र जनतालाई खुशी बनाउन सकेमा मात्र जीवन सार्थक र सफल हुन्छ भन्ने मर्मलाई बिर्सनु हुँदैन। अर्कोतर्फ लोक सेवा तयारी गर्ने शतप्रतिशत मानिस सफल नै हुन्छन् भन्ने हुँदैन। धेरैजसो कतै न कतै नाम निकाल्न सफल हुन्छन् तर कतिपय असफल हुन पनि सक्छन्। सबै सफल हुनुहोस्, शुभकामना छ, तर प्रयास गर्दा गर्दै सफल भईएन भने पनि अहिलेको समयमा संसारभर अन्य थुप्रै राम्रा अवसरहरुले कुरिरहेका हुन्छन् भनी यसलाई सामान्य रुपमा लिन सक्नुपर्दछ। 'आफ्नो साथी कहाँ पुगिसक्यो म जहाँको तहीं भए' भन्ने जस्ता निराशावादी विचार पाल्नु हुँदैन। दुखःको समयमा आफ्नो तुलना कहिल्यै पनि आफूभन्दा माथिकासँग होइन, बरु आफूभन्दा तलकासँग गर्नुपर्दछ। म भन्दा तल वा मैले भन्दा कम प्रगति गरेका मेरा अझ धेरै साथीभाई छन्, बरु मैले यति भए पनि गरेको छु भनी स्वीकार्न सक्नुपर्दछ। समयभन्दा अघि र भाग्यभन्दा बढी कसैले पाउँदैन भनी स्वीकार गर्नुपर्दछ। लोक सेवामा हार्नु भनेको जीवन हार्नु भन्ने होइन भन्ने तथ्यलाई आम युवावर्गले हृदयंगमगर्न जरुरी छ। तर उच्च मनोबल, निरन्तरको प्रयास, दृढ संकल्प र योजनावद्ध अभ्यास सफलताका कडी हुन् भनी निरन्तर प्रयास गर्ने व्यक्ति सफलताको हकदार हुन्छ भनी आशावादी रहन भने सक्नुपर्दछ।

**३. प्रतिस्पर्धात्मक परीक्षामा तपाईंले आफूलाई सबैभन्दा अब्बल सावित गर्नका लागि गर्नुभएका प्रयासहरुको बारेमा छोटो जानकारी दिनुहोस्। तपाईंलाई यस प्रकारको सफलता प्राप्त गर्न के-कस्ता कुराहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ? यस सम्बन्धमा केही बताईदिनुहुन्छ कि ?**

"धन्यवाद, प्रतिस्पर्धात्मक परीक्षामा आफूलाई अब्बल सावित गर्नका लागि मैले निरन्तरता र अनुशासनलाई सबैभन्दा महत्वपूर्ण मानें। उपसचिव पद उत्तीर्ण गर्न मैले करिब ४ महिनाको दैनिक करिब ३ घण्टाको formal reading र अन्य समयको Informal Reading र अघिल्ला बर्षको पढाई र विषयवस्तुमा त्यसभन्दा तल्ला तहमा सिकेका जानेका कुराहरुले समेत काम गरेको हो।निजामती सेवाको एक दशकको अनुभव, तल्ला पदको तयारीका सन्दर्भमा सिकेका कुराहरु, विभिन्न विधामा मैल विगतमा चलाएका कलमले पनि प्रभावकारी र स्तरीय लेखन निर्माण ठूलो काम गर्यो जस्तो लाग्छ।केही समयको योजनावद्ध अभ्यास तर प्रभावकारी पठनशैली, परीक्षाको समयमा जटिल प्रश्नलाई समेत नहडबाई रणनीनिक ढंगबाट समाधान गर्ने प्रयास र नमूना उत्तर लेखनका माध्यमबाट लेखनशैलीमा निखारता ल्याउन गरेको प्रयासले चाहिँ अझ सहयोग गरेको अनभूति भएको छ।

मैले नियमित अध्ययन तालिका बनाएर नै अध्ययन गर्न त त्यति पाईन।कार्यालयको कामको व्यस्तता, घरपरिवारलाई दिनुपर्ने समय आदिले ठ्याक्कै नियमित र योजनाबद्ध रुपमा पढाईलाई अगाडि बढाउन सकिएन।तर मोबाइल चलाउँदा होस् या कार्यालयमा केही समय खाली हुँदा र अन्यत्र जतिबेला जहाँ रहँदा पनि पढाइसँग विषय मिल्ने जे कुरा जतिबेला जे भेटिन्छ, त्यसलाई त्यतिबेलै त्यसलाई अध्ययनको विषयवस्तुसँग जोडेर हेर्ने मेरो बानी थियो। त्यसलाई कडाइका साथ पालना गरें। पुराना प्रश्नपत्रहरूको अभ्यास र अध्ययनसँगै लेखन अभ्यासलाई निरन्तरता दिनु मेरो प्रमुख रणनीति थियो। त्यसका अतिरिक्त, समय व्यवस्थापन, आत्मअनुशासन र आत्मविश्वासले पनि ठूलो भूमिका खेले। नोट नै बनाएर तयारी गर्ने चाहिँ समय अभावले पनि होला, गर्न सकिएन। मैले लोक सेवा आयोगको परीक्षा दिन सुरु गरेदेखि नै जहिल्यै पनि परीक्षालाई केवल 'ज्ञानको परीक्षण' मात्र नभई 'धैर्य र मनोबलको परीक्षा' पनि ठान्थें।यसरी निरन्तर मेहनत, नियमितता, आत्मविश्वास र सकारात्मक सोच नै मलाई सफल हुन प्रेरणा दिने प्रमुख आधारहरू बनेजस्तो लाग्छ।

**४. सार्वजनिक सेवा प्रवाह निष्पक्ष र जनकेन्द्रित हुन सकेको छैन भन्ने जनगुनासो सुनिने गरेको छ। सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन विद्यमान कार्यप्रणाली र व्यवहारमा कस्तो सुधारको आवश्यकता देख्नुहुन्छ ?**

धन्यवाद ! सार्वजनिक सेवा प्रवाहमा निष्पक्षता र नागरिक केन्द्रित सेवाभावको अभाव भएको भन्ने जनगुनासो निकै महत्वपूर्ण छ। मेरो विचारमा यसमा सुधार ल्याउनका लागि तीनवटा पक्षमा ध्यान दिन आवश्यक देखिन्छ।पहिलो, प्रक्रियागत सुधारः सेवा प्रवाहलाई सरल, छिटो र पारदर्शी बनाउन आधुनिक प्रविधिको प्रयोग बढाउनुपर्छ। दोस्रो, व्यवहारगत सुधारः कर्मचारीले जनतालाई ग्राहक वा सामान्य सेवाग्राहीको रूपमा मात्र नहेरी सार्वभौम शक्ति सम्पन्न नागरिकको रुपमा हेर्ने संस्कार विकास गर्दै सार्वजनिक प्रशासनमा संलग्न कर्मचारीको जवाफदेहिताको स्तर अधिकतम बनाउनुपर्दछ। शिष्टाचार, विनम्रता र जवाफदेहिताले मात्र जनविश्वास बढाउँछ। तेस्रो, उत्तरदायित्व र निगरानीः सेवाप्रवाहमा ढिलासुस्ती, पक्षपात वा भ्रष्टाचारलाई शून्य सहनशीलताका साथ नियन्त्रण गर्नुपर्ने हुन्छ।यसरी प्रक्रियागत, व्यवहारगत र संस्थागत सुधार एकसाथ कार्यान्वयन गर्न सके सार्वजनिक सेवा प्रवाह निष्पक्ष र जनकेन्द्रित बनाउन सकिन्छ भन्ने मेरो धारणा छ।यसका अतिरिक्त राजनीति र प्रशासनबीचको सम्बन्ध र सीमा स्पष्ट गर्दै एक अर्काका बाधक नभई परिपुरकका रुपमा स्थापित गर्दै हार्दिकतापूर्ण सम्बन्ध स्थापित गर्न जरुरी छ।

**५. रोजगार बजारमा रहेका अब्बल जनशक्तिलाई सार्वजनिक सेवातर्फ आकर्षित गर्न के-कस्ता कदमहरू चाल्न उपयुक्त हुने देख्नुहुन्छ ?**

रोजगार बजारमा रहेका अब्बल जनशक्तिलाई सार्वजनिक सेवातर्फ आकर्षित गर्न केही महत्वपूर्ण कुराको आवश्यकता रहेको देख्छु।पहिलो, मौद्रक र गैरमौद्रक दुवै किसिमका सेवा सुविधा पर्याप्त र जीवनयापनलाई सहज हुने गरिको हुनुपर्दछ यसैगरी वृत्तिपथ अनुमानयोग्य र सुनिश्चित हुनुपर्छ र पुरानो प्रणालीमा सुधार गर्नुपर्छ। जबसम्म कुनै कर्मचारीले आफ्नो स्तर अनुसारको र आफू अनि आफ्नो न्यूनतम गाँस, वास र कपासको आफैंले व्यवस्थापन गर्न सक्दैन, उ यो सेवामा आकर्षित हुन सक्दैन । यसैगरी उसले आफु र आफ्नो परिवारलाई गम्भीर रोग लागेमा

जीवनभर बचत गरेको रकमबाट परिवारको उपचार सम्म पनि गर्न सक्ने स्थितिमा रहँदैन भने पनि उ सेवामा आउन चाहँदैन। त्यसैले कम्तीमा दुई सन्तानसम्मको विद्यालय तहसम्मको शिक्षा र उच्च शिक्षामा विशेष छात्रवृत्ति, आफू, श्रीमान वा श्रीमती र आश्रित परिवारलाई असाध्य रोग लागेमा उपचारमा अधिकतम सहुलियत र घर जग्गा खरिदमा न्यून ब्याजदरमा Loan उपलब्ध गराउने जस्ता कार्य गर्न सकेमा अहिलेमा बजारमा रहेका उम्दा जनशक्तिलाई समेत सेवामा आकर्षित गर्न सकिन्छ। बरु यसका लागि सरकारले Contributary Insuranse वा कर्मचारीको मासिक तलबबाटै कट्टा गरी विशेष कोष निर्माण गर्न पहल गर्नुपर्दछ। अर्कोतर्फ कतिपय कर्मचारीहरु मौद्रिक तत्व भन्दा बढी आफ्नो वृत्ति विकासलाई हेरेर पनि सेवामा आउन चाहन्छन्। उनीहरुका लागि वृत्तिपथलाई अनुमानयोग्य (Predictable) बनाउनुपर्दछ।

यसरी समग्रमा निजामती सेवाको तलब, सुविधा र प्रोत्साहन प्रणाली समयानुकुल र आवश्यकतामा आधारित हुनुपर्छ, ताकि दक्ष जनशक्तिले निजी क्षेत्र र विदेशमा मात्र होइन, सार्वजनिक सेवामा आफ्नो पनि भविष्य देख्न सकोस्। साथै, Career development पनि पारदर्शी र व्यक्तिको योग्यता क्षमतामा आधारित हुनुपर्छ।

दोस्रो, कार्य वातावरणलाई सुधार गरी आकर्षक बनाउनुपर्छ। सार्वजनिक सेवामा अझै पनि ढिलासुस्ती, निरुत्साहनयुक्त व्यवहार र अनौपचारिक संस्कृति हावी रहेको आरोप लाग्ने गरेको पाइन्छ। त्यसैले व्यवसायिक, प्रोत्साहनमुखी, पारदर्शी र सम्मानजनक कार्य संस्कृति विकास गर्न जरुरी छ। यदि कर्मचारीले आफ्नो दक्षता अनुसार काम गर्ने मौका पाउँछन् भने उनीहरूलाई प्रेरणा मिल्छ। अहिले उचित कार्यवातावरण र प्रोत्साहन संस्कृति अभावका कारण आकर्षक भनिएका सेवाबाट समेत मेधावी जनशक्ति जागिरबाट राजिनामा दिई बाहिर जाने गरेका फाट्टफुट्ट घटनाहरु देखिएका सुनिएका छन्। यसले त्यस्ता मेधावी र अनुभवी जनशक्तिलाई Retain गर्न सजिलो हुने गर्दछ।

तेस्रो, छनौट तथा प्रवेश प्रणालीलाई सुधार गर्नुपर्छ। नेपालमा निजामती सेवामा प्रवेशमा लोक सेवा आयोग जस्तो स्वच्छ, निष्पक्ष तथा विश्वसनीय संस्थाबाट छनौट गर्ने गरिएको छ र पूर्णतया मेरिटमा आधारित छ। तर छनौट प्रक्रियालाई अझ छरितो, प्राविधिमैत्री र समसामयिक बनाउनुपर्छ। सामयिक पाठ्यक्रममा आधारित भई स्वच्छता र निष्पक्षतालाई र आधुनिक प्रविधि प्रयोग गरेर गरिने प्रतिस्पर्धा र छनौट प्रणालीले योग्य जनशक्तिलाई थप आकर्षित गर्छ।

चौथो, अनुसन्धान, नवप्रवर्तन र प्रविधि प्रयोगलाई प्राथमिकता दिनुपर्छ। अब्बल जनशक्ति प्रायः सिर्जनात्मक र नवप्रवर्तनशील हुन्छन्। तिनीहरूलाई नीतिगत अनुसन्धान, ई-गर्भनन्सको अभ्यास गर्न सक्ने क्षमता, डिजिटल ट्रान्सफर्मेसनप्रतिको लगाव र जनमैत्री सेवा प्रवाहमा आफ्नो दक्षता प्रयोग गर्ने अवसर दिन सक्ने हो भने उनीहरूलाई सार्वजनिक सेवामा आउन प्रोत्साहन मिल्छ। पदका आधारमा कुनै व्यक्ति योग्य हुने भन्ने पदीय विज्ञताको संस्कृति र भ्रमबाट अब मुक्त हुन जरुरी छ। कतिपय क्षेत्रमा तल्लो दर्जाको कर्मचारी पनि माथिल्लो दर्जाको कर्मचारीजत्तिको वा अझ दक्ष हुनसक्छन्। यो मर्मलाई बुझेर हाम्रो कार्यसंस्कृतिमा सुधार ल्याउन जरुरी छ।

पाँचौं, सामाजिक मान प्रतिष्ठा र राष्ट्रसेवाको भावना उजागर गर्नुपर्छ। निजामती सेवा केवल रोजगारी मात्र होइन, राष्ट्र निर्माण र सामाजिक योगदानको माध्यम पनि हो। यसलाई युवा जशक्तिको चेतनामा पर्ने गरी बलियोसँग प्रस्तुत गर्दा राष्ट्रसेवामा योगदान गर्न चाहने अब्बल जनशक्ति आकर्षित हुन्छन्। यसैगरी दक्ष जनशक्ति पाउन कठिन हुने कतिपय प्राविधिक पदहरुमा जनशक्ति भित्र्याउन नयाँ मोडेल पनि अपनाउन सकिन्छ। उदाहरणका लागि, विशेषज्ञ पदहरूमा र दरखास्त कम पर्ने पदहरुमा सेवा सुविधा बढाघ सीमित प्रतिस्पर्धाबाट छड्के प्रवेशमार्फत् उच्चस्तरीय प्राविधिक दक्षता भएको जनशक्ति ल्याउने व्यवस्था गर्न सकिन्छ। यसले सरकारी सेवालाई अझ लचकदार र आकर्षक बनाउँछ।

यसरी सेवासुविधा, उचित कार्य वातावरण, वैज्ञानिक छनौट प्रक्रिया, नवप्रवर्तनमुखी कार्य अभ्यासको अवसर, सामाजिक प्रतिष्ठा जस्ता पक्षलाई समेटेर कदम चाल्न सकेमा रोजगार बजारमा रहेका अब्बल र मेधावी जनशक्तिलाई सार्वजनिक सेवातर्फ आकर्षित गर्न सकिनेमा म पूर्ण विश्वस्त छु।

**६. राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव पदको विद्यमान पाठ्यक्रममा केही सुधार गर्नुपर्ने देख्नु भएको छ कि ?**

म आफैं पनि केही समय शाखा अधिकृत पदमा लोक सेवा आयोगमा बसेर काम गर्ने मौका पाएँ। लोकसेवा आयोगको परीक्षा प्रणालीमा सुधारका विषयमा थुप्रै विषयहरुमा आयोगले थुप्रै प्रयासहरु गरेको पनि देखें। तर बाहिर

बसेर सोचेजस्तो पाठ्यक्रमलाई पुरै युटर्न गर्न कठिन हुने र विभिन्न हिसाबले निकै चुनौतीपूर्ण नै रहेछ। सीमित स्रोतसाधनका बीच आयोगले पाठ्यक्रम सुधारका लागि गरेको प्रयास सराहनीय छ। नवीन परीक्षण विधिका रुपमा Computer Skill Test, सामुहिक छलफल, उपसचिवमा इन-बास्केट एक्सरसाइज र सहसचिवमा मामिला तयारी र प्रस्तुतीकरण जस्ता नवीन परीक्षणका अभ्यासहरु गरिएका छन्। संगठित संस्थातर्फ एकीकृत पूर्व योग्यता परीक्षा सञ्चालन गर्ने नीति तय गरिएको छ। विगतको तुलनामा थुप्रै सुधारहरु गरिएको भएतापनि अझै पनि सुधारका कैयौं ठाउँहरु रहेका छन्। जस्तैः प्राविधिक पदहरुमा Practical Exam समेत गराई उम्मेद्वारको प्रयोगात्मक सीपको परीक्षण गर्ने, माथिल्लो तहका पदहरुमा उम्मेदवारको वास्तविक नैतिकताको स्तर परीक्षण गर्ने, विषयविज्ञहरुलाई नियमित रुपमा अभिमूखीकरण गर्ने, Positive Recruitment System को अवलम्बन गरी मेधावी उम्मेद्वारहरुलाई सेवामा आकर्षण गर्ने जस्ता परीक्षा र छनौट प्रणाली सुधारका कार्यहरुलाई स्थापित गर्न सकिएको छैन। यीमध्ये कतिपय विषयमा आयोगको ध्यान पुगेतापनि स्रोत, साधन र हाम्रो प्रणालीगत सक्षमताले साथ दिन नसकिरहेको आभाष हुन्छ। हालको पाठ्यक्रमबाट कस्ता उम्मेद्वारहरु छनौट भइरहेका छन्, कार्यस्थलमा तिनीहरुको Performance र Result कस्तो छ, देश विदेशका प्रतिष्ठित विद्यालय/ विश्विद्यालयहरुमा अध्ययन गरी निजामती सेवा प्रवेश गर्न चाहने मेधावी विद्यार्थीहरु छनौट हुन सकिरहेका छन् या छैनन् र विद्यालय/ विश्विद्यालयहरुका नयाँ पाठ्यक्रमसँग लोक सेवाको पाठ्यक्रमलाई कति हदसम्म तादात्म्यता कायम गर्न सकिन्छ भन्ने विषयमा व्यापक अध्ययनको खाँचो भने रहेको छ। यसका लागि लोक सेवा आयोगलाई पर्याप्त स्रोत साधन उपलब्ध गराई यसको संस्थागत क्षमता विकास गर्दै लैजानुपर्ने देखिन्छ। लोक सेवा आयोग विश्वासको धरोहर हो र हामी सबैको गौरव हो । यसमाथिको विश्वासलाई कायमै राखी यो पवित्र संस्थालाई थप मलजल र यसको श्रीवृद्धिमा योगदान गर्नु हामी सबैको कर्तव्य हो ।

**७. छनौट प्रणालीलाई विश्वसनीय तुल्याउन र वैज्ञानिक बनाउन तथा लोक सेवा आयोगप्रतिको भरोसालाई अझ वृद्धि गर्न के-कस्ता कुरामा थप सुधार गर्नुपर्ने देख्नुहुन्छ ? सुझाव दिनुहोस्।**

लोक सेवा आयोग नेपालको सर्वाधिक विश्वसनीय तथा स्वतन्त्र संवैधानिक निकाय मानिन्छ र यो नेपालकै सर्वाधिक विश्वसनीय संस्था हो भन्नेमा कुनै शंका समेत छैन। यद्दपि बदलिँदो परिवेश अनुसार यसको छनौट प्रणालीमा केही सुधार भने आवश्यक देखिन्छ। पहिलो कुरा प्रविधिको अधिकतम प्रयोगलाई थप अवलम्बन गर्नुपर्दछ। आवेदन संकलन (खुला र बढुवा दुवैतर्फका), परीक्षा संचालनदेखि नतिजा तयारी र प्रकाशनसम्म सबै प्रक्रियामा डिजिटल प्रविधिको प्रयोगलाई थप प्रोत्साहन गर्दै लैजानुपर्दछ। दोस्रो, पाठ्यक्रम र प्रश्न निर्माण प्रणालीलाई समयानुकूल अद्यावधिक गर्न जरुरी छ। अब केवल घोकन्ते ज्ञान भन्दा बढी विश्लेषणात्मक सोच, समस्या समाधान गर्ने क्षमता र व्यावहारिक ज्ञान परीक्षण गर्ने खालको प्रश्न हुनु पर्ने देखिन्छ।

तेस्रो, मूल्याङ्कन प्रणालीलाई अझ अनुसन्धानमा आधारित बनाउँदै लैजानुपर्छ। नतिजाले छानेको व्यक्ति फिल्डमा काम गर्न सक्षम छ भन्ने कुराको सुनिश्चित पनि छनौट प्रणालीले गर्नुपर्छ। यसैगरी निरन्तर सुधार र प्रतिपुष्टि प्रणालीको अवलम्वन गर्नुपर्दछ। बजारका जनशक्ति, परीक्षार्थी,विज्ञ तथा विशेषज्ञ र सरोकारवालाको पृष्ठपोषण निरन्तर संकलन गर्ने र सो को वैज्ञानिक विश्लेषणका आधारमा छनौट प्रणालीलाई निरन्तर सुधार गर्दै लैजानुपर्दछ। बजारबाट कस्ता व्यक्तिहरु छनौट भैरहेका छन् त्यसको थप मुल्यांकन गर्ने र कतै स्वदेशी तथा विदेशी प्रतिष्ठित विश्वविद्यालयमा अध्ययन गरेका तर हाम्रो छनौट प्रणालीका कारण त्यस्ता मेधावी जनशक्तिहरु सेवा प्रवेश गर्न नसकिरहेका पो छन् कि? त्यसको समेत अध्ययन गरी त्यस्ता उम्मेद्वारलाई समेत सेवामा भित्र्याउन प्रयास गरिनुपर्दछ । यसैगरी आयोगले अन्य सम्बन्धित निकायहरुसँग समेत समन्वय गरी क्रमशः सकारात्मक भर्ना प्रणालीलाई अवलम्बन गर्दै लैजानुपर्दछ ।

# १९. स्वतः प्रकाशन (Proactive Disclosure)

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिमको सार्वजनिक निकायहरुले गर्नुपर्ने स्वतः प्रकाशन (Proactive Disclosure) सम्बन्धी विवरण।**

<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>व्यवस्था</th></tr>
<tr><td>१.</td><td>निकायको स्वरूप र प्रकृति</td><td>संवैधानिक निकाय</td></tr>
<tr><td>२.</td><td>निकायको काम, कर्तव्य र अधिकार</td><td>नेपालको संविधानको धारा २४३ मा व्यवस्था भए बमोजिम</td></tr>
<tr><td>३.</td><td>निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण</td><td>विभिन्न पदका ३९९ जना (राजपत्रांकित श्रेणीतर्फ १३२, राजपत्र अनंकति श्रेणीतर्फ १६१ र श्रेणी विहीनतर्फ १०६), कार्य विवरण धेरै पदको रहेकोले कार्यालयम सम्पर्क गरी हेर्न सकिनेछ।</td></tr>
<tr><td>४.</td><td>निकायबाट प्रदान गरिने सेवा</td><td>माग तथा पदपूर्ति निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन/सूचना प्रकाशन, परीक्षा सञ्चालन, अन्तर्वार्ता, छनौट तथा सिफारिस, संविधान तथा ऐन, नियममा उल्लेखित विषयहरु (नियुक्ति, बढुवा, विभागीय कारवाही, सामान्य सिद्धान्त, सेवा शर्त) मा परामर्श माग भई आएमा परामर्श प्रदान, उजुरी उपर टुंगो लगाउने आदि।</td></tr>
<tr><td>५.</td><td>सेवा प्रदान गर्ने निकयको महाशाखा एवं शाखा र जिम्मेवार अधिकारी</td><td>
<table>
<tr><th>क्र.स</th><th>महाशाखा र महाशाखा</th><th>शाखाहरुको नाम</th><th>शाखाप्रमुखहरुको नाम</th></tr>
<tr><td rowspan="4">१.</td><td rowspan="4">प्रशासन तथा निरीक्षण महाशाखा<br>सहसचिव<br>श्री गीताकुमारी होमेगाई</td><td>क) सूचना तथा प्रकाशन शाखा</td><td>श्री एकनारायण शर्मा</td></tr>
<tr><td>ख) प्रशासन शाखा</td><td>श्री चुरामणी मरासिनी</td></tr>
<tr><td>ग) आर्थिक प्रशासन शाखा</td><td>श्री विष्णुहरि बराल</td></tr>
<tr><td>घ) सूचना सञ्चार प्रविधि शाखा</td><td>रामदत्त भट्ट</td></tr>
<tr><td rowspan="3">२.</td><td rowspan="3">अन्तर्वार्ता तथा सिफारिस महाशाखा<br>सहसचिव<br>श्री पुरुषोत्तम शर्मा</td><td>क) प्रश्नपत्र परिमार्जन शाखा</td><td>श्री राजन राई</td></tr>
<tr><td>ख) अन्तर्वार्ता तथा सिफारिश शाखा</td><td>श्री दिपक खड्का</td></tr>
<tr><td>ग) प्रश्नपत्र परिमार्जन शाखा (सुरक्षा निकाय तथा सङ्गठित संस्था)</td><td>श्री विरेन्द्र वहादुर स्वाँर</td></tr>
<tr><td rowspan="4">३.</td><td rowspan="4">परीक्षा महाशाखा<br>सहसचिव<br>डा.मुक्तिप्रसाद पाण्डे</td><td>क) परीक्षा सञ्चालन शाखा</td><td>श्री रेवतीरमण पोखरेल</td></tr>
<tr><td>ख) लिखित परीक्षा नतिजा तयारी शाखा (अप्राविधिक)</td><td>श्री दुर्गाप्रसाद पराजुली</td></tr>
<tr><td>ग) लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक)</td><td>श्री सुशिला पौडेल ढकाल</td></tr>
<tr><td>घ) लिखित परीक्षा नतिजा प्रकाशन शाखा</td><td>श्री उमेशकुमार पोखरेल</td></tr>
<tr><td rowspan="3">४.</td><td rowspan="3">परीक्षण प्रविधि, अनुसन्धान तथा पाठ्यक्रम महाशाखा</td><td>क) परीक्षण प्रविधि शाखा</td><td>श्री सर्मुनलाल शाक्य</td></tr>
<tr><td>ख) पाठ्यक्रम तथा मूल्याङ्कन शाखा</td><td>श्री कृष्ण जि.सी.</td></tr>
<tr><td>ग) अनुसन्धान तथा विकास शाखा</td><td>श्री अर्जुनप्रसाद रेग्मी</td></tr>
<tr><td rowspan="2">५.</td><td rowspan="2">कानून महाशाखा<br>सहसचिव<br>श्री किशोर कुमार चौधरी</td><td>क) नीति नियम तथा अभिलेख शाखा</td><td>श्री नारायण प्रसाद ज्ञवाली</td></tr>
<tr><td>ख) उजुरी तथा विभागीय सजाय परामर्श शाखा</td><td>श्री सन्तोषप्रसाद तिमल्सिना</td></tr>
<tr><td rowspan="3">६.</td><td rowspan="3">सुरक्षा निकाय तथा सङ्गठित संस्था महाशाखा<br>श्री यज्ञप्रसाद ढुङ्गेल</td><td>क) लिखित परीक्षा सञ्चालन शाखा</td><td>श्री युवराज पोखरेल</td></tr>
<tr><td>ख) लिखित परीक्षा नतिजा तयारी शाखा</td><td>श्री निरञ्जन श्रेष्ठ</td></tr>
<tr><td>ग) लिखित परीक्षा नतिजा प्रकाशन शाखा</td><td>श्री कूलप्रसाद सापकोटा</td></tr>
</table>
</td></tr>
<tr><td>६.</td><td>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि</td><td>कामको प्रकृति अनुसार फरक फरक हुने। (आयोगको नागरिक वडापत्रमा उल्लेख गरिएको)</td></tr>
</table>

| क्र.सं. | विवरण | व्यवस्था |
| --- | --- | --- |
| ७. | **निर्णय गर्ने प्रक्रिया र अधिकारी** | छलफल, कार्यदल, टिप्पणी, प्रस्ताव (नागरिक वडापत्रमा उल्लेख गरिएको) |
| ८. | **निर्णय उपर उजुरी सुन्ने अधिकारी** | अधिकार प्रत्यायोजन अनुसार सहसचिवहरु, सचिव, आयोगका माननीय सदस्यहरु, माननीय अध्यक्ष, सम्बन्धित अदालतहरु |
| ९. | **सम्पादन गरेको कामको विवरण** | माग तथा पदपूर्तिको निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन, सूचना प्रकाशन, पाठ्यक्रम निर्धारण, शैक्षिक योग्यता निर्धारणमा सहयोग, परीक्षा सञ्चालन, उपयुक्त उमेदवारको छनौट तथा सिफारिश, बढुवा उजुरीको सुनुवाई, पदपूर्ति सम्बन्धी सामान्य सिद्धान्तहरुको निर्माण, विभागीय कारवाही लगायत विषयमा परामर्श माग भई आएमा परामर्श प्रदान आदि |
| १०. | **प्रमुख सूचना अधिकारीको नाम र थर** | सचिव किरण राज शर्मा<br>प्रवक्ता गीताकुमारी होमेगाईं (सहसचिव)<br>सूचना अधिकारी एकनारायण शर्मा (उपसचिव) |
| ११. | **आयोगले आफ्नो कार्यसम्पादनका क्रममा आधार लिने गरेका ऐन, नियम, विनियम वा निर्देशिकाको सूची** | • नेपालको संविधान<br>• लोक सेवा आयोग ऐन, २०७९ तथा लोक सेवा आयोग नियमावली, २०७९<br>• निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०<br>• नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५<br>• न्याय सेवा आयोग ऐन, २०७३ तथा न्याय सेवा नियमावली, २०७४<br>• संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा संघीय संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५<br>• राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२<br>• सङ्गठित संस्थाका कर्मचारीका सेवा, शर्त सम्बन्धी कानुन, बढुवा र विभागीय कारवाही सम्बन्धी कानूनी सिद्धान्त, २०७४<br>• सुरक्षा निकाय, अन्य संघीय सरकारी सेवा र सङ्गठित संस्थाका पदपूर्तिको लागि लिइने परीक्षाको पाठ्यक्रम सम्बन्धी मापदण्ड, २०७९<br>• विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरु<br>• सुरक्षा निकायहरु (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान विभाग) तथा सङ्गठित संस्थाहरु सम्बन्धी ऐन, नियमावलीहरु<br>• लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९<br>• लोक सेवा आयोगको कार्य पद्धति दिग्दर्शन, २०७०<br>• लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचार संहिता, २०६९<br>• निजामती सेवा पत्रिका प्रकाशन कार्यविधि, २०८१<br>• लोक सेवा आयोगबाट जारी विभिन्न निर्देशिका तथा लोक सेवा आयोगका समय-समयका निर्णयहरु<br>• सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु<br>• लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरु<br>• अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु |
| १२. | **आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण** | आर्थिक प्रशासन सम्बन्धी विवरण सम्बन्धित शाखाबाट मासिक रुपमा आयोगको सूचना पाटीमा सार्वजनिक गर्ने गरेको |
| १३. | **तोकिए बमोजिम अन्य विवरण** | |
| (क) | **सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण** | website: www.psc.gov.np<br>email: info@psc.gov.np |

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| (ख) | **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण** | • आयोगको वेवसाइट www.psc.gov.np<br>• हरेक बुधबार गोरखापत्रमा नियमित रुपमा (आवश्यकता अनुसार अन्य बारहरुमा पनि)<br>• आयोगबाट साप्ताहिक रुपमा प्रकाशन हुने बुलेटिन (सूचनापत्र),<br>• आयोगबाट त्रैमासिक रुपमा प्रकाशन हुने समाचारपत्र,<br>• निजामती सेवा पत्रिका (प्रत्येक ६/६ महिनामा वा आवश्यकता अनुसार संयुक्त अंकको रुपमा वार्षिक रुपमासमेत),<br>• लोक सेवा आयोगको प्रतिवेदन (वार्षिक रुपमा)<br>• रेडियो नेपाल (प्रत्येक बुधबार राती ९:०० बजेको समाचारपछि) मा प्रकाशन तथा प्रशारण हुने |

**लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण**

| क्र.सं. | निकायहरुको नाम | पद | सूचना अधिकारीको, नाम र थर | कार्यालयको सम्पर्क नं. | मोबाइल नं. |
|---|---|---|---|---|---|
| १ | धनकुटा कार्यालय | शाखा अधिकृत | श्री रामहरी पोखरेल | ०२६-५२२१५१ | ९८५२६७७०८८ |
| २ | जलेश्वर कार्यालय | शाखा अधिकृत | श्री विशाल घिमिरे | ०४४-५२०१४७ | ९७४४३६३९६७ |
| ३ | काठमाडौं कार्यालय | शाखा अधिकृत | श्री पुष्पराज खनाल | ०१-४११५८३३ | ९८५११५७४१७ |
| ४ | पोखरा कार्यालय | शाखा अधिकृत | श्री खड्कबहादुर रोकाया | ०६१-४५३५०६ | ९८५६०८५१४५ |
| ५ | बुटवल कार्यालय | शाखा अधिकृत | श्री हर्कबहादुर रोका | ०७१-५४०२०७ | ९८५६०१०७४४ |
| ६ | सुर्खेत कार्यालय | शाखा अधिकृत | श्री सरस्वती सापकोटा | ०८३-५२०१०६ | ९८५८०७५५०६ |
| ७ | दिपायल कार्यालय | शाखा अधिकृत | श्री | ०९४-४४०१४७ | ९८५१३१९६१९ |
| ८ | इलाम कार्यालय | शाखा अधिकृत | श्री कृष्ण सुवेदी | ०२७-५२००६२ | ९८५२६३८६२९ |
| ९ | खोटाङ कार्यालय | शाखा अधिकृत | श्री योगेश नेपाल | ०३६-४२०१७७ | ९८४३६०५८४१ |
| १० | हेटौंडा कार्यालय | शाखा अधिकृत | श्री बद्रीनाथ सापकोटा | ०५७-५२०३०२ | ९८५५०७९७११ |
| ११ | बागलुङ कार्यालय | शाखा अधिकृत | श्री सिताराम राई | ०६८-५२२६४७ | ९८५७६२४१४७ |
| १२ | दाङ कार्यालय | शाखा अधिकृत | श्री रमेश घिमिरे | ०८२-५२००१३ | ९७४५६४९९९९ |
| १३ | जुम्ला कार्यालय | शाखा अधिकृत | श्री ध्रुव रिजाल | ०८७-५२०००८ | ९८५७६७७८८८ |
| १४ | महेन्द्रनगर कार्यालय | शाखा अधिकृत | श्री माधव कुमार वाग्ले | ०९९-५२१२०९ | ९८५१२११८८८ |
| १५ | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | शाखा अधिकृत | श्री नारायण भट्टराई | ०१-४७७१२१४ | ९७६८७७१८०३ |

**२०. सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम आयोग र मातहतका निकायहरुबाट सूचना माग र फछ्र्यौट सम्बन्धी विवरण।**

| क्र.सं. | सूचना माग कर्ताको नाम र ठेगाना | माग भएको सूचनाको विवरण | सूचना माग भएको मिति | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|
| १ | अमृत लोप्चन, अत्रौली-८, सर्लाही | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी | २०८१/१२/२१ | बढुवा सम्बन्धी निर्णयहरु सम्बन्धित बढुवा समितिबाट नै लिन सकिने व्यहोरा जानकारी गराइएको |
| २ | सभ्यता पन्थी, तुलसीपुर-१७, दाङ | दरखास्त अस्वीकृत भई परीक्षामा मै सामेल हुन वञ्चित गरिएको सम्बन्धमा | २०८२/०१/३० | सम्मानित उच्च अदालत, पाटनबाट रिट नं. ०८१-WO-१२२० उपर मिति २०८१/०९/०९ मा निज उम्मेदवार डा.प्रकाश ज्ञवालीलाई परीक्षामा सहभागी गराउनु भनी जारी भएको अन्तरिम आदेशानुसार निजलाई परीक्षामा सहभागी गराईएको। |
| ३ | शारदा भुषाल (झा), चन्द्रागिरी-१३, काठमाडौं | पदसंख्या निर्धारण सम्बन्धी | २०८२/०२/१३ | पदसंख्या निर्धारण सम्बन्धी कामकारवाही गोप्य रहने भएकोले संख्यात्मक विवरण उपलब्ध गराउन नसकिने जानकारी गराइएको। |

| | | | | |
|---|---|---|---|---|
| ४ | ज्योती ढकाल, काठमाडौं | अन्तर्वार्ता सूचीबाट हटाइएको सम्बन्धी | २०८२/०३/०८ | अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारको तोकिएको शैक्षिक योग्यतासँग मिल्दो नदेखिएकोले दरखास्त फाराम र लिखित परीक्षा रद्द गरी निजको नाम अन्तर्वार्ता सूचीबाट हटाइएको । |
| ५ | पुज्निता तिमल्सिना समेत | लिखित परीक्षाको अन्तिम नतिजा प्रकाशन नभएको सम्बन्धमा | २०८२/३/१६ | सम्मानित सर्वोच्च अदालतको संयुक्त इजलासबाट मिति २०८१/०४/१६ मा अन्तिम परीक्षाफल प्रकाशन गर्ने कार्य रोक्नु भनी जारी भएको अल्पकालिन आदेश बमोजिम उक्त आदेशलाई नै निरन्तरता दिई उक्त मुद्दा विचाराधीन रही अन्तिम किनारा नलागेको अवस्थासम्म उक्त पदको अन्तिम योग्यताक्रमको नतिजा प्रकाशन गर्न प्राविधिक रुपमा नमिल्ने व्यहोरा जानकारी गराइएको। |

# लोक सेवा आयोग

## आ.व. २०८१/०८२ को पदपूर्ति सम्बन्धी
## वार्षिक कार्यतालिका-१

**(निजामती सेवा, नेपाल स्वास्थ्य सेवा, व्यवस्थापिका संसद सेवा तथा राष्ट्रिय मानव अधिकार सेवाका विभिन्न पदहरु**

| क्र.सं. | श्रेणी/तह | पदपूर्तिको किसिम | | प्रतिशत निर्धारण | विज्ञापन / सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|---|
| १. | राजपत्रांकित विशिष्ट श्रेणी | बढुवा | | आवश्यकता अनुसार | - | - | - | - |
| २. | राजपत्रांकित प्रथम श्रेणी (प्राविधिक र अप्राविधिक) तथा अधिकृत प्रथम# | खुला, आ.प्र | | भदौ/असोज | असोज अन्तिम बुधबार | मंसिर | पुस/माघ | फागुन/चैत |
| | | बढुवा | | | | | | |
| ३. | राजपत्रांकित द्वितीय श्रेणी (प्राविधिक र अप्राविधिक) तथा अधिकृत द्वितीय# | खुला, आ.प्र. | | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | बढुवा | | | | | | |
| ४. | स्वास्थ्य सेवा, एघारौँ र नवौँ तह | खुला, आ.प्र. | | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | बढुवा | | | | | | |
| ५. | राजपत्रांकित तृतीय श्रेणी (प्राविधिक) | खुला, आ.प्र.* | | असोज/कात्तिक | कात्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत/वैशाख | जेठ/असार |
| | | बढुवा | | | | | | |
| ६. | स्वास्थ्य सेवा, आठौँ तह | खुला | | असोज/कात्तिक | कात्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत/वैशाख | जेठ/असार |
| ७. | स्वास्थ्य सेवा, सातौँ तह | खुला, आ.प्र. | | असोज/कात्तिक | कात्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत/वैशाख | जेठ/असार |
| | | बढुवा | | | | | | |
| ८. | राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) तथा अधिकृत तृतीय# | खुला | प्रथम चरण | कात्तिक/मंसिर | मंसिर अन्तिम बुधबार | माघ | फागुन | |
| | | | द्वितीय चरण | | | चैत | जेठ | साउन/भदौ |
| | | आ.प्र.* | | | | चैत | जेठ | साउन/भदौ |
| | | बढुवा | | | | | | |
| ९. | राजपत्र अनंकित प्रथम श्रेणी (अप्राविधिक) तथा सहायक प्रथम# | खुला | प्रथम चरण | मंसिर/पुष | पुस अन्तिम बुधबार | फागुन | चैत | |
| | | | द्वितीय चरण | | | वैशाख | साउन/भदौ | भदौ/असोज |
| | | बढुवा | | | | | | |
| १०. | राजपत्र अनंकित प्रथम श्रेणी (प्राविधिक) | खुला | | पुस/माघ | माघ अन्तिम बुधबार | वैशाख | जेठ | साउन/भदौ |
| | | बढुवा | | | | | | |
| ११. | स्वास्थ्य सेवा, पाँचौँ तह | खुला, आ.प्र. | | पुस/माघ | माघ अन्तिम बुधबार | वैशाख | जेठ | साउन/भदौ |
| | | बढुवा | | | | | | |
| १२. | राजपत्र अनंकित द्वितीय श्रेणी (अप्राविधिक) तथा सहायक द्वितीय# | आ.प्र. | | माघ/फागुन | फागुन अन्तिम बुधबार | जेठ/असार | भदौ/असोज | असोज/कात्तिक |
| | | खुला | प्रथम चरण | | | वैशाख | जेठ | |
| | | | द्वितीय चरण | | | जेठ/असार | भदौ/असोज | असोज/कात्तिक |
| | | बढुवा | | | | | | |
| १३. | राजपत्र अनंकित द्वितीय श्रेणी (प्राविधिक) | खुला, आ.प्र. | | फागुन/चैत | चैत अन्तिम बुधबार | जेठ | असार | साउन |
| | | बढुवा | | | | | | |
| १४. | स्वास्थ्य सेवाका चौथो तह | खुला | | फागुन/चैत | चैत अन्तिम बुधबार | जेठ | असार | साउन |
| १५. | अन्य | आवश्यकता अनुसार | | | | | | |

*** व्यवस्थापिका संसद सेवाका लागि मात्र**

**# राष्ट्रिय मानव अधिकार सेवाका लागि मात्र**

**द्रष्टव्य:**

**१. नेपाल सरकारबाट पदपूर्तिका लागि माग प्राप्त नभएको खण्डमा तत्सम्बन्धी कामकारवाही कार्यतालिका बमोजिम हुने छैन।**

# आ.व. २०८१/०८२ को पदपूर्ति सम्बन्धी
## वार्षिक कार्यतालिका-२
### (सुरक्षा निकाय तथा संगठित संस्थाहरुका विभिन्न पदहरु)

| क्र.सं. | निकाय / पद | पदपूर्ति किसिम | प्रतिशत निर्धारण/ सहमति प्रदान | विज्ञापन/ सूचना प्रकाशन | लिखित परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा प्रकाशन |
|---|---|---|---|---|---|---|
| **अ)** | **सुरक्षा निकाय** | | | | | |
| **१.** | **नेपाली सेना** | | | | | |
| | अधिकृत क्याडेट | खुला | साउन | साउन/भदौ | कात्तिक/मंसिर | पुस/माघ |
| | पदिक तथा विल्लादार अधिकृत क्याडेट | आ.प्र. | साउन | कात्तिक/मंसिर | मंसिर/पुस | माघ/फागुन |
| | प्राड/प्राविधिक/हवाई/विविध सेवाका अधिकृत | खुला/आ.प्र. | असोज | असोज/कात्तिक | पुस/माघ | फागुन/चैत |
| | सैन्य तथा विभिन्न ट्रेडका फलोअर्स (प्रथम पटक) | खुला | असोज | असोज/कात्तिक | मंसिर/पुस | पुस/माघ |
| | प्राड/प्राविधिक/हवाई/विविध सेवाका पदिक तथा विल्लादार (प्रथम पटक) | खुला/आ.प्र. | कात्तिक | कात्तिक/मंसिर | माघ/फागुन | चैत/वैशाख |
| | सैन्य (दोस्रो पटक) | खुला | फागुन | फागुन/चैत | वैशाख/जेठ | जेठ/असार |
| | प्राड/प्राविधिक/हवाई/विविध सेवाका पदिक तथा विल्लादार (दोस्रो पटक) | खुला/आ.प्र. | फागुन | फागुन/चैत | वैशाख/जेठ | जेठ/असार |
| **२.** | **नेपाल प्रहरी** | | | | | |
| | प्रहरी निरीक्षक/ प्रहरी सहायक निरीक्षक (प्रथम पटक) | खुला | साउन | साउन/भदौ | कात्तिक/मंसिर | पुस/माघ |
| | प्रहरी जवान (जनपद)/ प्रहरी कार्यालय सहयोगी | खुला | असोज | असोज/कात्तिक | पुस/माघ | फागुन/चैत |
| | प्रहरी निरीक्षक/ प्रहरी सहायक निरीक्षक (दोस्रो पटक) | खुला | माघ | माघ/फागुन | वैशाख/जेठ | जेठ/असार |
| | प्राविधिक सिनियर प्रहरी अधिकृत/ प्राविधिक जुनियर प्रहरी अधिकृत | खुला | माघ | माघ/फागुन | वैशाख/जेठ | जेठ/असार |
| | प्रहरी जवान (प्राविधिक) | खुला | माघ | माघ/फागुन | चैत/वैशाख | जेठ/असार |
| **३.** | **सशस्त्र प्रहरी बल नेपाल** | | | | | |
| | सशस्त्र प्रहरी निरीक्षक/ सशस्त्र प्रहरी नायब निरीक्षक /सशस्त्र प्रहरी सहायक निरीक्षक/सत्रस्त्र प्रहरी हबल्दार (प्राविधिक) (प्रथम पटक) | खुला | भदौ | भदौ/असोज | मंसिर/पुस | पुस/माघ |
| | सशस्त्र प्रहरी जवान/ सशस्त्र प्रहरी परिचर (साधारण) | खुला | मंसिर | मंसिर/पुस | फागुन/चैत | वैशाख/जेठ |
| | सशस्त्र प्रहरी निरीक्षक/सशस्त्र प्रहरी सहायक निरीक्षक (साधारण समूह) | खुला | पुस | पुस/माघ | फागुन/चैत | वैशाख/जेठ |
| | सशस्त्र प्रहरी निरीक्षक (साधारण समूह, कानून उपसमूह/लेखा उपसमूह) | खुला | पुस | पुस/माघ | फागुन/चैत | वैशाख/जेठ |
| | सशस्त्र प्रहरी निरीक्षक/सशस्त्र प्रहरी नायब निरीक्षक (प्राविधिक) (दोस्रो पटक) | खुला | फागुन | फागुन/चैत | चैत/वैशाख | जेठ/असार |
| | सशस्त्र प्रहरी नायब उपरीक्षक (प्राविधिक) | खुला | चैत | चैत/वैशाख | वैशाख/जेठ | जेठ/असार |
| **४.** | **राष्ट्रिय अनुसन्धान विभाग** | | | | | |
| | अनुसन्धान अधिकृत/ अनुसन्धान सहायक | खुला | भदौ | भदौ/असोज | मंसिर/पुस | फागुन/चैत |
| | सहायक सूचक | खुला | माघ | माघ/फागुन | चैत/वैशाख | जेठ/असार |
| **आ)** | **संगठित संस्था** | | | | | |
| १. | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, नेपाल आयल निगम, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैङ्क, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, सांस्कृतिक संस्थान, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र | खुला | साउन | साउन/भदौ | असोज/कात्तिक | मंसिर/पुस |
| २. | काठमाडौं उपत्यका खानेपानी लिमिटेड, काठमाडौं उपत्यका विकास प्राधिकरण, कृषि सामग्री कम्पनी लिमिटेड, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, नेपाल इन्जिनियरिङ परिषद, नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेड, नेपाल पुनर्बीमा कम्पनी लिमिटेड, नेपाल विद्युत प्राधिकरण, सामाजिक सुरक्षा कोष, हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेण्ट एण्ड डेभलपमेण्ट कम्पनी लिमिटेड, | खुला | भदौ | भदौ/असोज | कात्तिक/मंसिर | पुस/माघ |
| ३. | गुठी संस्थान, नागरिक लगानी कोष, नेपाल इन्टरमोडल यातायात विकास समिति, नेपाल बीमा प्राधिकरण, नेपाल वायुसेवा निगम, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, भानु जन्मस्थल विकास समिति, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, | खुला | असोज | असोज/कात्तिक | मंसिर/पुस | माघ/फागुन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सिंहदरबार वैद्यखाना विकास समिति, सिडिएस. एण्ड क्लियरिङ्ग लिमिटेड | | | | | |
| ४. | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, नेपाल औषधि लिमिटेड, नेपाल खानेपानी संस्थान, नेपाल पर्यटन बोर्ड, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, विश्वविद्यालय अनुदान आयोग, साझा यातायात, साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड | खुला | कात्तिक | कात्तिक/मंसिर | पुस/माघ | फागुन/चैत |
| ५. | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, उदयपुर सिमेण्ट उद्योग लिमिटेड, कालिमाटी तरकारी तथा फलफूल विकास समिति, जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, नागरिक स्टक डिलर, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, नेपाल रेल्वे कम्पनी लिमिटेड, परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल विकास समिति, पशुपति क्षेत्र विकास कोष, भेरी अस्पताल विकास समिति, राष्ट्रिय आवास कम्पनी लिमिटेड, राष्ट्रिय ट्रमा सेन्टर, राष्ट्रिय न्यायिक प्रतिष्ठान, वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, हेटौंडा सिमेण्ट उद्योग लिमिटेड | खुला | मंसिर | मंसिर/पुस | फागुन/चैत | चैत/वैशाख |
| ६. | कानून किताव व्यवस्था समिति, कृषि विकास बैंक लिमिटेड, केन्द्रीय कानून पुस्तकालय विकास समिति, गोरखापत्र संस्थान, दुग्ध विकास संस्थान, निक्षेप तथा कर्जा सुरक्षण कोष, नेपाल नोटरी पब्लिक परिषद्, नेपाल मेडिकल काउन्सिल, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, बौद्धदर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लिमिटेड, राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, लुम्बिनी विकास कोष, विद्युत नियमन आयोग, हेटौंडा अस्पताल विकास समिति, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड | खुला | पुस | पुस/माघ | फागुन/चैत | वैशाख/जेठ |
| ७. | अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, तारागाउँ विकास समिति, नगर विकास कोष, नेपाल चार्टड एकाउण्टेण्टस् संस्था, नेपाल टेलिभिजन, नेपाल दूरसञ्चार कम्पनी लि. (नेपाल टेलिकम), नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान, नेपाल प्रज्ञा-प्रतिष्ठान सेवा आयोग, नेपाल बैंक लिमिटेड, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, नेपाल वन निगम, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान सेवा आयोग, राष्ट्रिय परीक्षा बोर्ड, राष्ट्रिय समाचार समिति, समाज कल्याण परिषद् | खुला | माघ | माघ/ फागुन | चैत/वैशाख | जेठ/असार |
| ८. | कर्मचारी सञ्चय कोष, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, निजामती कर्मचारी अस्पताल, नेपाल कृषि अनुसन्धान परिषद्, नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, पाथिभरा क्षेत्र विकास समिति, प्रेस काउन्सिल नेपाल, राष्ट्रिय खेलकूद परिषद्, राष्ट्रिय बीमा कम्पनी लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक, राष्ट्रिय सहकारी विकास वोर्ड, रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल), विशाल बजार कम्पनी लिमिटेड, साझा प्रकाशन | खुला | फागुन | फागुन/चैत | वैशाख/जेठ | जेठ/असार |
| ९. | थप संगठित संस्थाहरु | | रितपूर्वक माग भै आएको अवस्थामा आयोगको निर्णय बमोजिम हुने | | | |

**नोट :**

१. अदालतमा मुद्दा विचाराधीन रही पदपूर्ति प्रक्रिया रोकिएका निकायको हकमा आदेश प्राप्त भएमा पदपूर्ति प्रक्रिया सञ्चालन गरिनेछ।

२. अदालतको आदेश/फैसला तथा फैसला कार्यान्वयनको क्रममा उल्लिखित कार्यतालिकामा फेरबदल हुन सक्नेछ।

३. पदपूर्ति सम्बन्धी विज्ञापन सम्बन्धित सूरक्षा निकाय/संस्थाबाट हुनेछ।